त्यसैगरि उमेरको आधारमा जनसंख्या विवरणलाई हेर्दा सवैभन्दा बढि जनसंख्या १६-६० बर्ष उमेर समुहको जनसंख्या ५४%, ६-१५ बर्ष उमेर समुहको जनसंख्या २६%, ०-५ बर्ष उमेर समुहको जनसंख्या ११%, ६१-६९ बर्ष उमेर समुहको जनसंख्या ५% र ७० बर्ष भन्दा माथिको उमेर समुहको जनसंख्या ३% रहेको छ।




ग्राफ- ३: उमेर अनुसारको जनसंख्या विवरण

## ३.५ जातिगत आधारमा जनसंख्या विवरण

यस मार्मा गाउँपालिकामा मुख्य गरि क्षेत्री, ठकुरी, बाह्मण र दलित जातिको बसोवास रहेको छ। मुख्य बासिन्दाको रुपमा क्षेत्रीहरु (धामी, ठगुन्ना, महरा, विष्ट, बोहरा आदि) रहेको देखिन्छ। घरधुरी सर्वेक्षणको प्राप्त नतिजा अनुसार क्षेत्री घरधुरी संख्या ७८%, ब्राम्हण र दलित घरधुरी ८% र ठकुरी घरधुरी संख्या ५% रहेको छ। त्यसैगरि वडागत अनुसार जातजातिको संख्यात्मक विवरण तलको तालिका-४ मा प्रस्तुत गरिएको छ।




ग्राफ- ४: जातिगत आधारमा जनसंख्या विवरण

**तालिका- ४: जातिगत आधारमा वडाको घरधुरी संख्या**

| वडा | जातजाति अनुसार घरधुरी विवरण | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ब्राह्मण | ठकुरी | क्षेत्री | जनजाती | दलित | अन्य | जम्मा |
| वडा नं. १ | ० | ८ | ५९२ | ० | ६४ | ० | ६६४ |
| वडा नं. २ | ९५ | १०० | १८९ | ० | ४४ | ० | ४२८ |
| वडा नं. ३ | ८२ | ४ | २८३ | ० | ६५ | ० | ४३४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| वडा नं. ४ | १९ | ४१ | ४१८ | ० | १७ | ० | ४९५ |
| वडा नं. ५ | ० | ० | ३१० | ० | ३२ | ० | ३४२ |
| वडा नं. ६ | १९ | ० | ४०६ | ० | १५ | ० | ४४० |
| जम्मा : | २१५ | १५३ | २१९८ | ० | २३७ | ० | २८०३ |

*श्रोतः मार्मा गाउँपालिका घरधुरी सर्वेक्षण-२०७९*

## ३.६.नागरिकता तथा मतदाता परिचय पत्र प्राप्त गरेको संख्या

मार्मा गाउँपालिकाको उमेरगत जनसंख्या हेर्दा १६ बर्षभन्दा माथिको जनसंख्या करिव ६२ प्रतिशत रहेको देखिएको छ।१६ बर्ष उमेर पुरा भईसकेपछि नेपाल नागरिकता ऐन, २०६३ अनुसार नेपाली नागरिकताको प्रमाण पत्र प्राप्त गर्ने प्रावधान रहेको छ। यस गाउँपालिकाको तथ्याँक हेर्दा नागरिकता प्राप्त गर्ने १६ भन्दा माथिको उमेर समुहका जम्मा १२३६१ जना मध्ये जम्मा १०,२२० जना अर्थात ८३ प्रतिशत जनाले मात्रै नेपाली नागरिकताको प्रमाण पत्र प्राप्त गरेको भन्ने देखिन्छ। त्यसैगरि १८ बर्ष पुरा भएका गाउँपालिका भित्र बसोवास गर्ने सवै नागरिकहरुले मतदाता परिचय पत्र प्राप्त गर्ने प्रावधान रहेता पनि मतदाता नामावलीमा दर्ता भएका सबैले मतदाता परिचय पत्र प्राप्त गरेका छन्।

## ३.७.बैवाहिक स्थिती

यस मार्मा गाउँपालिकाको जनसंख्याको बैवाहिक स्थितीको विश्लेषण गर्दा कुल जनसंख्याको ४३ प्रतिशत अर्थात ७,७१२ जना विवाहित रहेको देखिन्छ। जसमध्ये महिला ५१५ र पुरुष ४९५ विवाहित रहेका छन। त्यसैगरि एकल महिला ३६ जना र विधवा वा विदुर संख्या कुल जनसंख्या मध्ये ५१३ जना रहेका छन। यसको वडागत विवरण तलको तालिका नं.५ मा प्रस्तुत गरिएको छ।

**तालिका- ५: वडागत रुपमा बैबाहिक स्थिति**

| वडा | बिबाहित | | | एकल महिला वा पुरुष संख्या | बिधवा वा बिदुर संख्या |
|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | | |
| वडा नं. १ | ७९१ | ७८२ | १५७३ | ० | १०४ |
| वडा नं. २ | ६३४ | ६२२ | १२५६ | १ | ९९ |
| वडा नं. ३ | ६५१ | ६२७ | १२७८ | २५ | ८६ |
| वडा नं. ४ | ७७२ | ७४० | १५१२ | १ | ७५ |
| वडा नं. ५ | २८५ | २४५ | ५३० | १ | ३७ |
| वडा नं. ६ | ८२० | ७४३ | १५६३ | ८ | ११२ |
| **जम्मा :** | **३,९५३** | **३,७५९** | **७,७१२** | **३६** | **५१३** |

*श्रोतः मार्मा गाउँपालिका घरधुरी सर्वेक्षण-२०७९*

## ३.८. परिवारमा आर्थिक रुपले सक्रिय जनसंख्या विवरण

कुनैपनि क्षेत्रको विकासका लागि आर्थिक रुपले सक्रिय जनसंख्या महत्वपुर्ण पक्ष हो। विकासका गतिविधिहरु संचालन गर्न र आर्थिक गतिविधिहरु संचालनका लागि त्यो जनसंख्या महत्वपुर्ण मानिन्छ। यस मार्मा गाउँपालिकाको स्थलगत घरधुरी सर्वेक्षणको तथ्याँकहरुको अध्ययन गर्दा १६ देखि ६० बर्ष उमेर समुहको कुल १०,७५४ जनसंख्या मध्ये करिव ६,६३८(६२%) जनसंख्या आर्थिक गतिविधिमा संलग्न वा परिवारमा आर्थिक रुपमा सक्रिय रहेको देखिन्छ। उक्त आर्थिक रुपमा सक्रिय जनसंख्या मध्ये महिला ४९ प्रतिशत र पुरुष ५१ प्रतिशत रहेको देखिएको छ। यसको साराँश विवरण ग्राफ-५ मा दिईएको छ भने वडागत विवरण तालिका-६ मा प्रस्तुत गरिएको छ।




ग्राफ- ५:परिवारमा आर्थिक रुपले सक्रिय जनसंख्या

यस गाउँपालिकाको १६ देखि ६० बर्ष उमेर समुहको कुल जनसंख्या मध्ये ६,६३८ जना आर्थिक रुपले सक्रिय रहेका छन। वडागत रुपमा हेर्दा वडा नं.४ मा सवैभन्दा बढि २४ प्रतिशत वडा नं. १ मा २३ प्रतिशत वडा नं.६ मा २१ प्रतिशत रहेका छन भने वडा नं. ५ मा सवैभन्दा कम अर्थात २ प्रतिशत मात्र रहेका छन। वडागत आर्थिक रुपमा सक्रिय जनसंख्या बिववरण तलको तालिका-६ मा दिईएको छ।

तालिका- ६: वडागत अनुसार आर्थिक रुपले सक्रिय जनसंख्या

| वडा | परिवारमा आर्थिक रुपले सक्रिय जनसंख्या (१५-५९ उमेरका) | | | प्रतिशत |
|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | |
| वडा नं. १ | ७७६ | ७७५ | १५५१ | २३% |
| वडा नं. २ | ६०३ | ६२७ | १२३० | १९% |
| वडा नं. ३ | ३८९ | ३४३ | ७३२ | ११% |
| वडा नं. ४ | ७४९ | ८६० | १६०९ | २४% |
| वडा नं. ५ | ६१ | ६६ | १२७ | २% |
| वडा नं. ६ | ६९१ | ६९८ | १३८९ | २१% |
| **जम्मा :** | **३,२६९** | **३,३६९** | **६,६३८** | |

*श्रोतः मार्मा गाउँपालिका घरधुरी सर्वेक्षण-२०७९*

## ३.९.पेशाको आधारमा जनसंख्याको विवरण

यस मार्मा गाउँपालिकामा पेशागत आधारमा जनसंख्या तथा घरधुरी विवरण हेर्दा १६ देखि ६० बर्ष उमेर समुहको जनसंख्या मध्ये करिव ४५% मानिसहरु मात्रै कुनै न कुनै पेशामा आवद्ध भएको देखिन्छ। पेशा व्यवसायमा संलग्न मध्ये ८१% मानिसहरुले कृषि पेशालाई मुख्य पेशको रुपमा अगालेका छन। त्यसैगरि १२% सरकारी नोकरी (शिक्षक, सैनिक सेवा, प्रहरी सेवा आदि) मा संलग्न रहेका छन भने ५% ब्यापार व्यवसाय, ठेक्कापट्टा, पसल आदि साना ठूला खालका व्यापारमा संलग्न रहेका छन। त्यसै गरि करिव २ प्रतिशत मानिसहरु अन्य पेशा जस्तैः गैह्र सरकारी संस्था तथा निजि कम्पनीमा आवद्ध भएको देखिन्छ।

## ३.१० अपाङ्गताको आधारमा जनसंख्या विवरण

यस मार्मा गाउँपालिकामा अपाँगताको आधारमा जनसंख्याको विवरण हेर्दा जम्मा १४८ जना विभिन्न खालको अपाँगता भएको जनसंख्या रहेको छ। अपाँगताको किसिमको आधारमा हेर्दा सवैभन्दा बढि ५५% (८१ जना) शारीरिक




ग्राफ- ६: अपांगताको आधारमा जनसंख्या

अपाँगता,१७% (२५ जना) दृष्टि सम्वन्धि अपाँगता, १२% (१८ जना) कान नसुन्ने सम्वन्धि अपाँगता, १६% (२३ जना) मा मानसिक अपाँगता र १% अन्य खालको अपाँगता भएको जनसंख्या रहेको छ। त्यसैले गाउँपालिकाले मानव अधिकारमा आधारित बिकासको अवधारणा (Human Right Based Development Approach) अनुरुप बिकासका विभिन्न क्रियाकलापहरुमा अपांगता भएका व्यक्तिहरुको (People Living With Disablity-PLWD) सहभागिता र सहयोगका कार्यक्रमहरु संचालन गर्नुपर्ने देखिन्छ।

## ३.११ बसाइंसराइ सम्बन्धी विवरण

यस गाउँपालिकाको बसाई सराईको अवस्था हेर्दा बसाई सरी जानेको संख्या बढी र बसाई सरी आउनेको संख्या धेरै न्युन देखिन्छ। बिशेषगरि यस क्षेत्रका मानिसहरु सुदुरपश्चिम प्रदेशमा रहेका तराईका जिल्लाहरु कंचनपुर र कैलालीमा बसाइ सरि जाने गरेको देखिन्छ भने हाल गाउँपालिकाको सदरमुकाम क्षेत्र लटिनाथमा आफ्नो पेशा ब्यबसाय संचालनका लागि स्थायी र अस्थाई रुपमा यसै गाउँपालिकाका अन्य वडाबाट आन्तरिक बसाइसराई गरि आउने र अपिहिमाल गाउँपालिकाबाट समेत आउने गरेको देखिन्छ। वडागत रुपमा आ.व. २०७७/०७८ को बसाईँसराईको विवरण अनुसार ६२ जना (२० घरधुरी) बसाई सरेर अन्यत्र गएका छन भने ६ जना (४ घरधुरी) अन्यत्रबाट गाउँपालिका भित्र बसाईसरि आएका छन्।

## ३.१२ व्यक्तिगत घटना दर्ता सम्बन्धी विवरण

स्थानीय पञ्जिकाधिकारीको कार्यालयहरुको तथ्याङ्क हेर्दा यस गाउँपालिकामा आ.व.२०७७/०७८ मा जम्मा ५६२ वटा व्यक्तिगत घटनाहरु दर्ता भएका छन। व्यक्तिगत घटनाहरुमा सवैभन्दा बढी जन्मदर्ताका घटनाहरु दर्ता भएका छन् भने सम्बन्ध बिच्छेदका कुनैपनि घटनाहरु दर्ता भएका छैनन। आ.व. २०७७/०७८ को घटना दर्ता रेकर्ड अनुसार जन्म दर्ता ४३९ अर्थात कुल व्यक्तिगत घटना दर्ताको ७८% रहेका छन भने बिवाह दर्ता ६८ अर्थात १२%, मृत्युदर्ता ३१ अर्थात ६%, बसाईसराईका २४ अर्थात ४%, र सम्बन्ध बिच्छेदका कुनैपनि घटना दर्ता भएका छैनन। आ.व. २०७७/०७८ को घटना दर्ता सम्बन्धि विवरण तलको तालिका-७ मा प्रस्तुत गरिएको छ।

**तालिका- ७: व्यक्तिगत घटना दर्ता सम्बधि विवरण (आ.व.२०७७/०७८)**

| आ.व. | लिंग | जन्म | मृत्यु | बिबाह | सम्बन्ध बिच्छेद |
|---|---|---|---|---|---|
| २०७७/०७८ | पुरुष | २२२ | १९ | ६८ जोडी | ० |
| | महिला | २१७ | १२ | | |
| जम्मा : | | ४३९ | ३१ | ६८ | ० |

*श्रोतः मार्मा गाउँपालिका संस्थागत सर्वेक्षण-२०७९*

## ३.१३ सामाजिक सुरक्षा कार्यक्रमबाट लाभान्वित विवरण

यस मार्मा गाउँपालिकाको आ.व.२०७७।०७८ को सामाजिक सुरक्षा कार्यक्रम अन्तरगत लाभान्वितहरुको विश्लेषण गर्दा कुल सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने १,११९ जना मध्ये ७२० (६४%) महिला र ३९९ (३६%) पुरुष रहेका छन।वडागत रुपमा हेर्दा सवैभन्दा बढि वडा नं. १ मा महिला १५५ जना र पुरुष ८३ गरि जम्मा २३८ जना, वडा नं.४ मा महिला १४८ जना र पुरुष ८५ जना गरि जम्मा २३३ जना रहेका छन भने सवैभन्दा कम वडा नं. ५ मा महिला ५८ जना र पुरुष ३३ जना गरि जम्मा ९१ जना रहेका छन। अन्य वडाहरुको विवरण ग्राफ-७ मा प्रस्तुत गरिएको छ।




**ग्राफ- ७: सामाजिक सुरक्षा भत्ता पाउनेहरुको वडागत लैंगिक विवरण**

त्यसैगरि सामाजिक

सुरक्षा भत्ताको किसिमको आधारमा हेर्दा अन्य जातजातिका जेष्ठ नागरिकहरुलाई वितरण सवै भन्दा बढि अर्थात ५३ प्रतिशत लाई हुने गरेको देखिन्छ भने सवैभन्दा कम पुर्ण अपाँगता र पुर्ण अशक्तता भत्ता ३ प्रतिशतले मात्र प्राप्त गरेको देखिन्छ।अन्य किसिमका सामाजिक सुरक्षा भत्तावाट लाभान्वित हुने






**ग्राफ- ८:भत्ताको किसिम अनुसार लाभान्वित विवरण**

लाभान्वितहरुको विवरण ग्राफ-८ मा प्रस्तुत गरिएको छ।

वडागत रुपमा भत्ता प्राप्त गर्ने संख्या र सुरक्षा भत्ताको किसिम अनुसार लाभान्वितहरुको संख्या विश्लेषण गर्दा सवैभन्दा बढि वडा नं.१ मा जम्मा २३८ जना र सवैभन्दा कम वडा नं. ५ मा ३५ जनामात्रै रहेका छन।वडागत रुपमा भत्ता प्राप्त गर्ने संख्या र सामाजिक सुरक्षा भत्ताको किसिम अनुसारको संख्या तलको तालिका नं. ८ मा प्रस्तुत गरिएको छ।

**तालिका- ८: वडा र सामजिक सुरक्षा भत्ताको किसिम अनुसार लाभान्वित विवरण**

| वडा | सामाजिक सुरक्षा पाउने | | | भत्ता को किसिम | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | जेष्ठ नागरिक-अन्य | जेष्ठ नागरिक-दलित | एकल महिला | बिधवा | पुर्ण अपांगता | पुर्ण असक्तता | दलित बालबालिका |
| वडा नं.१ | १५५ | ८३ | २३८ | १३१ | १५ | २० | ३३ | ३ | १० | ३१ |
| वडा नं.२ | ११० | ८० | १९० | ११८ | १२ | १२ | १७ | ४ | २ | २५ |
| वडा नं.३ | १३४ | ७५ | २०९ | ७५ | १० | २३ | २६ | १५ | ८ | ५२ |
| वडा नं.४ | १४८ | ८५ | २३३ | १५५ | ८ | ३० | १७ | ७ | २ | १४ |
| वडा नं.५ | ५८ | ३३ | ९१ | ४२ | ५ | १५ | १३ | ३ | २ | १८ |
| वडा नं.६ | ११५ | ४३ | १५८ | ७८ | २ | १९ | ३५ | ३ | ११ | १० |
| **जम्मा :** | **७२०** | **३९९** | **१११९** | **५९२** | **५२** | **११९** | **१४१** | **३५** | **३५** | **१५०** |
| **प्रतिशत** | **६४%** | **३६%** | **१००%** | **५३%** | **४%** | **११%** | **१३%** | **३%** | **३%** | **१३%** |

## ३.१४ घरको किसिम र स्वामित्व

सर्वेक्षणबाट प्राप्त तथ्यांक अनुसार यस गाउँपालिकामा रहेका कुल २,८०३ घरधुरीहरु मध्ये ढुंगा वा जस्तापाताले छाएको कच्ची घरहरुको संख्या सबैभन्दा बढी अर्थात् करिव ५९% रहेका छन।त्यस्तै पक्कि- सिमेंटको वाल र ढुंगा वा जस्तापाताले छाएको घर संख्या ७३९(२६%), पक्कि-सिमेन्ट र डन्डी प्रयोग गरि ढलान गरेको घरसंख्या ३८२(१४%) र कच्ची-खरले छाएको घरसंख्या ३६ अर्थात १% मात्र रहेको छ।वडा अनुसार घरको किसिम सम्बन्धि विवरण तलको तालिका-९ मा प्रस्तुत गरिएको छ।

**तालिका- ९: वडा अनुसार घरको प्रकार**

| वडा नं. | घरको किसिम | | | | जम्मा |
|---|---|---|---|---|---|
| | कच्ची खरले छाएको | कच्ची-ढुंगा वा जस्तापाताले छाएको | पक्कि- सिमेंटको वाल र ढुंगा वा जस्तापाताले छाएको | पक्कि-सिमेन्ट र डन्डी प्रयोग गरि ढलान गरेको | |
| १ | १ | ३८० | २३४ | ४९ | ६६४ |
| २ | २ | २१२ | १४४ | ७० | ४२८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | ३ | १७७ | १६५ | ८९ | ४३४ |
| ४ | ६ | २२३ | १७७ | ८९ | ४९५ |
| ५ | २३ | ३०६ | ७ | ६ | ३४२ |
| ६ | १ | ३४८ | १२ | ७९ | ४४० |
| **जम्मा :** | **३६** | **१,६४६** | **७३९** | **३८२** | **२,८०३** |

*श्रोतः घरधुरी सर्वेक्षण, २०७९*

# परिच्छेद-४: आर्थिक अवस्था

## ४.१. प्रमुख आर्थिक विवरण

यस गाउँपालिकाको प्रमुख आर्थिक स्रोतको रुपमा जडिबुटी. दुंगा, गिट्टी संकलन तथा ढुवानी कर, मालपोत कर, सिफारिस दस्तुर, व्यबसायिक कर, व्यवसाय दर्ता कर नै मुख्य आन्तरिक स्रोत रहेका छन्। बाह्य स्रोतका रुपमा नेपाल सरकारबाट प्रदान हुने सशर्त अनुदान, बित्तीय समानिकरण, समपुरक कोष आदि रहेका छन। यस गाउँपालिकामा बसोवास गर्ने मानिसहरुको प्रमुख आम्दानीको स्रोत कृषि पेशा रहेको छ भने त्यसपछि स-साना किराना व्यापार ब्यबसाय पनि आम्दानीका श्रोतको रुपमा रहेका छन।

### ४.१.१. प्राबिधिक सीपयुक्त तथा बिशेष दक्षता भएका मानव संशाधनको विवरण

यस मार्मा गाउँपालिकामा प्राबिधिक तथा बिशेष दक्षता भएका जम्मा १२७ जना मानिसहरु रहेका छन। जसमध्ये सबैभन्दा बढी खानेपानी सम्बन्धि प्राबिधिक सीप भएका मर्मत सम्भार कार्यकर्ता रहेका छन। गाउँपालिका भित्र खानेपानी मर्मत सम्बन्धि प्राबिधिक ज्ञान,सीप भएका मानवश्रोतहरुको संख्या ६० जना रहेका छन। त्यसैगरि स्थानीय श्रोतव्यक्तिहरुको संख्या ९ जना, अगुवा कृषक संख्या ४९ जना र नर्सरी नाइके संख्या ९ जना रहेको छ। वडागत अनुसार सिपयुक्त दक्ष मानवश्रोतको विवरण तालिका-१० मा प्रस्तुत गरिएको छ।

**तालिका- १०: गाउँपालिकामा उपलब्ध दक्ष मानवश्रोतहरुको विवरण**

| वडा नं. | खानेपानी सम्बन्धि (मर्मत सम्भार कार्यकर्ता) | स्थानीय श्रोत व्यक्ति | अगुवा कृषक | नर्सरी नाइके | जम्मा |
|---|---|---|---|---|---|
| १ | २४ | ५ | १८ | ४ | ५१ |
| २ | ७ | १ | ४ | १ | १३ |
| ३ | १० | ० | १३ | १ | २४ |
| ४ | ११ | ३ | ७ | १ | २२ |
| ५ | ४ | ० | ३ | १ | ८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | ४ | ० | ४ | १ | ९ |
| जम्माः | ६० | ९ | ४९ | ९ | १२७ |

*श्रोतः घरधुरी सर्वेक्षण, २०७९*

### ४.१.२. मूख्य पेशा सम्बन्धि विवरण

यस गाउँपालिकाको मुख्य पेशा कृषि रहेको देखिन्छ। कुल श्रमयोग्य जनशक्ति ४,८१५ जना मध्ये कृषि पेशामा ३,८८७ जना अर्थात ८१% कृषि पेशमा संलग्न छन्। कृषि पेशामा मुख्य गरि खेतीपाती, पशुपालन, कुखुरापालन तथा माछापालन ब्यबसायमा संलग्न रहेका छन। त्यसपछि कुल श्रमयोग्य जनशक्ति मध्ये ६७६ (१४%) जना सरकारी तथा गैह्र सरकारी निजि कम्पनीहरुमा संलग्न रहेका छन भने २५२ (५%) जनशक्ति व्यापार ब्यबसायमा संलग्न रहेका छन। वडा अनुसार पेशा व्यवसायमा संलग्न जनशक्तिको विवरण तलको तालिका-११ मा प्रस्तुत गरिएको छ।

**तालिका- ११ः वडा अनुसार पेशाव्यवसायमा संलग्न जनशक्ति विवरण**

| वडा नं | नोकरी | | कृषि तथा पशुपंक्षी पालन | व्यापार ब्यबसाय | जम्मा |
|---|---|---|---|---|---|
| | सरकारी | अन्य | | | |
| १ | १९ | २ | ४७५ | १८ | ५१४ |
| २ | ८६ | २२ | ३५० | ४८ | ५०६ |
| ३ | १२१ | ३५ | ४११ | ७८ | ६४५ |
| ४ | १७७ | १६ | ९७२ | ३३ | ११९८ |
| ५ | ३० | ० | ७२२ | १३ | ७६५ |
| ६ | १५५ | १३ | ९५७ | ६२ | ११८७ |
| जम्मा : | ५८८ | ८८ | ३८८७ | २५२ | ४८१५ |
| % | १२% | २% | ८१% | ५% | १००% |

*श्रोतः घरधुरी सर्वेक्षण, २०७९*

### ४.१.३. औसत आम्दानि विवरण

यस मार्मा गाउँपालिकामा बसोबासगर्ने मानिसहरुको मासिक औसत आम्दानि राष्ट्रिय औसत आम्दानि भन्दा कम रहेको देखिन्छ। घरधुरी सर्वेक्षण बाट प्राप्त तथ्यांक अनुसार कुल घरधुरी मध्ये १,४५०(५२%) घरधुरिहरुको मासिक आम्दानि रु.१० हजारसम्म, १०३९(३७%) परिवारको आम्दानि रु. ११-२० हजारसम्म, २०५(७%) परिवारको आम्दानि रु. २१-५० हजारसम्म र १०९ (४%) परिवारको आम्दानि रु. ५० हजार भन्दा बढी रहेको देखिन्छ। वडा अनुसार परिवारको आम्दानि विवरण तलको तालिका-१२ मा प्रस्तुत गरिएकोछ।

**तालिका- १२ः वडा अनुसार परिवारको आम्दानि (मासिक)**

| वडा नं. | परिवार संख्या |
|---|---|

| | रु. १० हजार सम्म | रु.११-२० हजार सम्म | रु.२१-५० हजार सम्म | रु.५० हजार भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|
| १ | ४९७ | १५१ | १२ | ४ | ६६४ |
| २ | १९५ | १८३ | ३९ | ११ | ४२८ |
| ३ | २१० | १६५ | ३८ | २१ | ४३४ |
| ४ | २२० | २३१ | २६ | १८ | ४९५ |
| ५ | १९८ | १२० | १९ | ५ | ३४२ |
| ६ | १३० | १८९ | ७१ | ५० | ४४० |
| **जम्माः** | **१,४५०** | **१,०३९** | **२०५** | **१०९** | **२,८०३** |
| **प्रतिशत** | **५२%** | **३७%** | **७%** | **४%** | |

*श्रोतः घरधुरी सर्वेक्षण, २०७९*

### ४.१.४. औसत खर्च तथा बचत विवरण

यस मार्मा गाउँपालिकाका मानिसहरुको मुख्य पेशा कृषि रहेतापनि कृषि ब्यबसायिक रुपमा नरहेकोले निर्वाहमुखी मात्रै रहेको छ।घरमा आफुले उपभोग गरि बाँकी हुने कृषिजन्य उत्पादन बिक्रिवितरण गरेपनि घरायसी प्रयोजनका लागि आवश्यक बस्तुहरु खरिद गर्नुपर्ने हुँदा अधिकांश घरपरिवारहरुमा बचत न्युन हुने वा नहुने गरेको घरधुरी सर्वेक्षणको क्रममा देखिएको छ।खर्चको अवस्था हेर्दा कुल घरधुरी मध्ये १५०२ (५४%) घरपरिवारको मासिक खर्च रु. ६-१० हजारसम्म हुने गरेको भन्ने देखिन्छ भने ९०८(३२%) घरधुरीहरुको मासिक रु. ५ हजारसम्म र ३९३ (१४%) घरधुरीहरुको मासिक खर्च रु.११-२० हजारसम्म वा सो भन्दा बढी खर्च हुने गरेको भन्ने देखिएको छ।वडा अनुसार मासिक खर्चको विवरण ग्राफ-९ मा र तालिका-१३ मा प्रस्तुत गरिएको छ।




**ग्राफ- ९: वडा अनुसार परिवारको खर्च विवरण**

**तालिका- १३: वडा अनुसार परिवारको मासिक खर्च विवरण**

| वडा नं. | परिवार संख्या | जम्मा |
|---|---|---|

| | रु. ५ हजार सम्म | रु.६-१० हजार सम्म | रु.-११-२० हजार सम्म वा बढी | |
|---|---|---|---|---|
| १ | ८९ | ४५४ | १२१ | ६६४ |
| २ | ५४ | २८२ | ९३ | ४२८ |
| ३ | ९२ | ३०२ | ४० | ४३४ |
| ४ | ३५४ | १३१ | १० | ४९५ |
| ५ | २४२ | ९६ | ४ | ३४२ |
| ६ | ७७ | २३८ | १२५ | ४४० |
| **जम्मा:** | **९०८** | **१,५०२** | **३९३** | **२,८०३** |
| **प्रतिशत:** | **३२%** | **५४%** | **१४%** | |

*श्रोतः घरधुरी सर्वेक्षण, २०७९*

### ४.१.५. परिवारमा रोजगारीको अवस्था

यस मार्मा गाउँपालिकामा रोजगारीका सिमित अवसरहरु मात्रै उपलब्ध भएको कारणले परिवारमा रोजगार भएका मानिसहरुको संख्या पनि एकदमै न्युन रहेको छ। त्यसैले मार्मा गाउँपालिकाको श्रमयोग्य जनशक्ति ३९३६ जना मध्ये ठूलो संख्या २७२३ (६९%) जना बेरोजगार रहेका छन भने बाँकी रोजगार भएका ९५५ (२४%) र स्वरोजगार संख्या २५८ (७%) मात्र रहेका छन। वडा अनुसार रोजगार, स्वरोजगार र बेरोजगारहरुको संख्या तालिका-१४ मा प्रस्तुत गरिएको छ।

**तालिका- १४: वडा अनुसार रोजगारीको अवस्था विवरण**

| वडा नं | रोजगार संख्या | स्वरोजगार संख्या | बेरोजगार संख्या | जम्मा |
|---|---|---|---|---|
| १ | १४ | १६ | ० | ३० |
| २ | ३२० | ० | ८४७ | १,१६७ |
| ३ | ३९१ | १ | ८३३ | १,२२५ |
| ४ | ८९ | ३९ | ३५२ | ४८० |
| ५ | ९ | ४ | ११५ | १२८ |
| ६ | १३२ | १९८ | ५७६ | ९०६ |
| **जम्मा:** | **९५५** | **२५८** | **२,७२३** | **३,९३६** |
| प्रतिशत: | २४% | ७% | ६९% | |

*श्रोतः घरधुरी सर्वेक्षण, २०७९*




**ग्राफ- १०: गाउँपालिकामा रोजगार तथा बेरोजगारीको अवस्था**

### ४.१.६. गाउँपालिकाबाट संचालित रोजगार कार्यक्रममा आबद्धता:

मार्मा गाउँपालिका द्वारा हरेक बर्ष बेरोजगार जनशक्तिलाई स्थानीय स्तरमै अल्पकालीन रोजगार संचालन गरि घरपरिवारको आर्थिक अवस्थामा टेवा पुरयाउने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन गरिरहेको छ। उक्त कार्यक्रममा गत आर्थिक बर्ष २०७७/०७८ को तथ्यांक अनुसार कूल १६७५ जनाले रोजगारीका लागि आबेदन दिएको देखिन्छ। जसमध्ये ९८४ जना महिला र ६९१ जना पुरुष

रहेका छन। ति कुल आवेदक मध्ये अघिल्लो आर्थिक बर्षमा ५७२ जना महिला र ४०५ जना पुरुषहरु अल्पकालीन रोजगार कार्यक्रममा आबद्ध भएका छन। यसको वडागत विवरण तालिका-१५ मा प्रस्तुत गरिएको छ।

**तालिका- १५: रोजगार कार्यक्रममा आबद्द विवरण (आ.व.२०७७/०७८)**

| वडा नं. | स्थानीय तहको स्वरोजगार कार्यक्रममा आबद्धता | |
|---|---|---|
| | महिला | पुरुष |
| १ | ० | ० |
| २ | ८८ | १ |
| ३ | ४७ | १३ |
| ४ | १२१ | ८४ |
| ५ | २२५ | १३३ |
| ६ | ९१ | १७४ |
| **जम्मा:** | **५७२** | **४०५** |

*श्रोत: घरधुरी सर्वेक्षण, २०७९*

### ४.१.७. आवास संरचनाको किसिम र स्वामित्व

कुनै पनि क्षेत्रको आर्थिक गतिबिधिको आंकलन मानिसहरुको बस्ने घरको बनावट बाट पनि हुने गर्दछ। यस मार्मा गाउँपालिकामा अधिकांश घरहरु, करिब ६०% प्रतिशत घरहरु कच्ची- खरले छाएका वा ढुंगाले छाएका कच्ची घरहरु रहेका छन। पहिले यातातातको असुविधा र स्थानीय स्तरमा पक्कि घर निर्माण गर्नका लागि आवश्यक पर्ने काठ, सिमेन्ट, फलामे छडको सहज उपलब्धता नहुने हुँदा पक्कि घरहरुको संख्या कमै रहेको छ।

घरको स्वामित्वको आधारमा हेर्दा कुल घरधुरी २,८०३ मध्ये करिब २,३८१(८५%) घरधुरीहरु आफ्नै घरमा बस्ने गरेका छन भने १८०(६%) घरधुरीहरुको दोहोरो बस्ति वा घर रहेको छ। त्यसैगरि २१९(८%) घरधुरीहरुको संयुक्त घर रहेको, १७(०.६%) घरधुरीहरु भाडाको घरमा बस्ने गरेको र ६(०.०२%) घरधुरीहरु मात्रै आफ्नो घर नभएकोले अरुको घरमा बस्ने गरेको देखिएको छ। अरुको घरमा बस्ने गरेको परिवारहरु वडा नं ३ मा ३ परिवार, वडा नं ४ मा १ परिवार र वडा नं ६ मा २ परिवारहरु रहेका छन। घरको स्वामित्व सम्बन्धि वडागत विवरण तालिका-१६ मा दिइएको छ।

**तालिका- १६: वडा अनुसार घरको स्वामित्व विवरण**

| वडा नं. | आफ्नै घर | आफ्नै घर -दोहोरो बस्ति भएको | आफ्नै- तर संयुक्त | भाडाको घर | सार्बजनिक जग्गामा टहरो | अरुको घरमा बस्न दिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ५२१ | १३ | २२ | २ | ० | ० | ५५८ |
| २ | २६७ | ३७ | १२४ | ० | ० | ० | ४२८ |
| ३ | ३७० | ३२ | ४७ | ० | ० | ३ | ४५२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | ४७३ | ३० | १६ | १ | ० | १ | ५२१ |
| ५ | ३४१ | १ | ० | ० | ० | ० | ३४२ |
| ६ | ४०९ | ६७ | १० | १४ | ० | २ | ५०२ |
| **जम्मा:** | **२३८१** | **१८०** | **२१९** | **१७** | **०** | **६** | **२,८०३** |
| प्रतिशतः | ८५% | ६% | ८% | ०.६% | ०% | ०.२% | |

*श्रोतः घरधुरी सर्वेक्षण, २०७९*

### ४.१.९. औद्योगिक कच्चापदार्थ उत्पादनको अवस्था

यस मार्मा गाउँपालिका प्राकृतिक श्रोतहरुको उपलब्धताका हिसाबले धनि गाउँपालिकाको रुपमा रहेको छ। यस गाउँपालिकामा विभिन्न प्राकृतिक श्रोतहरु जस्तै; औषधिजन्य जडिबुटी, अग्लो स्थानहरुमा नेपाली कागज बनाउने कच्चा पदार्थ लोक्ता, ढुंगाखानी, सिमेन्टका लागि आवश्यक पर्ने ढुंगाहरु, साबुन उद्योगका लागि आवश्यक पर्ने चिउरी, तामाको लागि कच्चा पदार्थ र सिसाखानीका लागि कच्चा पदार्थ यस गाउँपालिकामा रहेको पाइन्छ तर त्यसको उचित संरक्षण, उत्खनन, निकासी तथा ढुवानीको राम्रो ब्यबस्था भएमा त्यसले गाउँपालिकाका बासिन्दाहरुको आयस्तरमा सहयोग पुरयाउने देखिन्छ।

### ४.९.१०. ज्यालादारी तथा दैनिक मजदुरी

मार्मा गाउन्पालिकामा जीवन निर्बाहका लागि दैनिक ज्यालामजदुरीमा संलग्न मानिसहरुको संख्या २,३०२ रहेको छ। ज्याला मजदुरी गर्ने मानिसहरुमा पनि करिब ९४% अदक्ष कामदारको रुपमा ज्याला मजदुरी गर्दछन भने करिब ६% मात्रै दक्ष कामदारको रुपमा ज्याला मजदुरी गर्ने गरेको संकलित तथ्यांकहरु बाट देखिएको छ। वडागत रुपमा ज्यालामजदुरीमा संलग्न कामदारहरुको संख्या सबै भन्दा बढी वडा नं १ मा १,२६१ जना र सबैभन्दा कम वडा नं २ मा १७२ जना रहेका छन। ६ वटै वडाहरुको विवरण तलको तालिका-१७ मा प्रस्तुत गरिएको छ।

तालिका- १७ः वडा अनुसार ज्याला मजदुरी गर्ने व्यक्तिहरुको विवरण

| वडा नं. | अदक्ष | दक्ष | जम्मा |
|---|---|---|---|
| १ | १२१९ | ४२ | १२६१ |
| २ | १५४ | १८ | १७२ |
| ३ | १७१ | ७ | १७८ |
| ४ | १४० | १५ | १५५ |
| ५ | ३११ | ० | ३११ |
| ६ | १७४ | ५१ | २२५ |
| **जम्मा:** | **२,१६९** | **१३३** | **२,३०२** |
| **प्रतिशतः** | **९४%** | **६%** | |

*श्रोतः घरधुरी सर्वेक्षण, २०७९*

### ४.९.११.बैदेशिक रोजगारीमा गएकाहरुको विवरण

यस मार्मा गाउँपालिकाका युवा जनशक्तिहरु देश भित्र उपयुक्त रोजगारीको अभावले गर्दा छोटो अवधि, निश्चित अवधि र लामो अवधिको रोजगारीका लागि भारत लगायत तेश्रो मुलुकमा जाने गरेका छन।गाउँघरमा रोजगारीको अभाव र युवाहरु प्रायः रोजगारीका लागि विदेशिने लहर चलेकोले यस गाउँपालिकाका पनि १,२०४ जना युवाहरु बैदेशिक रोजगारीमा रहेका छन।बैदेशिक रोजगारीमा रहेको कुल संख्या मध्ये करिब १,१०० (९१%) जनशक्ति भारतमा रहेका छन भने बाँकी १०४(९%) भारत बाहेक अन्य मुलुकहरु (खाडीमुलुकहरु तथा कोरिया/जापान आदि) मा रहेका छन।वडागत रुपमा हेर्दा सबैभन्दा बढी वडा नं ५ का ३११ जना र सबैभन्दा कम वडा नं ४ का १५५ जना बैदेशिक रोजगारीमा रहेका छन।वडा अनुसार बैदेशिक रोजगारीमा रहेकाहरुको संख्यात्मक विवरण तलको ग्राफ-११ मा प्रस्तुत गरिएको छ।




ग्राफ- ११: वडा अनुसार बैदेशिक रोजगारीमा रहेको जनशक्ति विवरण

## ४.२. भू-उपयोग तथा स्वामित्व

यस मार्मा गाउँपालिकाको कुल क्षेत्रफल २०८.६ बर्ग किलो मिटर रहेको छ।कुल क्षेत्रफल मध्ये खेतियोग्य जमिनको क्षेत्रफल ६६.७५ बर्ग कि.मि अर्थात ३२% रहेको छ।यस गाउँपालिकाको सबै भू-भाग  पाखो भिरालो भएको हुँदा सबै खेतियोग्य जमिनको उपयोग भएको छैन।सर्वेक्षणबाट प्राप्त तथ्यांक अनुसार कुल घरपरिवार मध्ये १८ (०.६%) घरपरिवार जग्गा जमिन नभएको देखिन्छन भने १९८७ (७०.९%) घरपरिवारहरुको १-५ रोपनी जग्गा भएका, ६३६ (२२.७%) घरपरिवार ६-१० रोपनी जग्गा भएको र १६२(५.८%) घरपरिवार संग १० रोपनी भन्दा बढी जग्गाजमिन रहेको छ।वडा अनुसार भू-स्वामित्वको विवरण तालिका-१८ मा प्रस्तुत गरिएको छ।

तालिका- १८: वडा अनुसार घरपरिवारको स्वामित्वमा रहेको जग्गाजमिनको विवरण

| वडा नं. | परिवार संख्या | | | | जम्मा |
|---|---|---|---|---|---|
| | जग्गा नभएको | १-५ रोपनी जग्गा भएको | ६-१० रोपनी जग्गा भएको | १० रोपनी भन्दा बढी जग्गा भएको | |
| १ | १९ | ५६१ | ८७ | ० | ६६४ |
| २ | ० | २५४ | १७४ | ० | ४२८ |
| ३ | ० | २३४ | १६४ | ३६ | ४३४ |
| ४ | ० | ४५२ | ४३ | ० | ४९५ |
| ५ | १ | ३२० | २२ | ० | ३४२ |
| ६ | २ | १६६ | १४६ | १२६ | ४४० |
| जम्मा: | २३ | १९८७ | ६३६ | १६२ | २८०३ |
| % | ०.६% | ७०.९% | २२.७% | ५.८% | १००% |

*श्रोत: घरधुरी सर्वेक्षण, २०७९*

त्यसैगरि यस मार्मा गाउँपालिकाका ४७ घरपरिवारको मार्मा गाउँपालिका बाहेक जिल्ला भित्रकै अन्य स्थान जस्तै; मुख्यत: जिल्लाको सदरमुकाम अर्थात महाकाली नगरपालिकाको खलङ्गा र शैल्यशिखर नगरपालिकाको गोकुलेश्वरमा जग्गा जमिन रहेको छ भने ३०८ घरपरिवारको नाममा जिल्ला बाहिरको स्थानहरु जस्तै; कैलाली र कन्चनपुरका विभिन्न स्थानहरुमा जग्गा जमिन रहेको सर्वेक्षणबाट देखिएको छ।

### ४.२.१. जग्गाको किसिम

यस मार्मा गाउँपालिका मध्य तथा उच्च पहाडी जिल्ला भएको हुँदा यस पालिकाको सबै ठाउंहरुमा भिरालो र बलौटे जमिन रहेको छ। जग्गाको किसिम अनुसार खरबारी, पाखोबारी र चमेलिया नदीको बगर क्षेत्रमा खेतहरु रहेको देखिन्छ। ति जग्गालाई नेपाल सरकारको बर्गिकरण अनुसार अब्बल, दोयम, र सिम गरि ३ किसिमको जमिनहरुमा बिभाजन गर्न सकिन्छ।

### ४.२.२. खेतीयोग्य जमिन सम्बन्धि विवरण

यस मार्मा गाउँपालिकामा कुल खेतीयोग्य जमिन ६.४५ बर्गमिटर रहेको छ। रोपनी अनुसार गणना गर्दा कुल खेतीयोग्य जमिन १२,६७७ रोपनी रहेको छ। वडा अनुसार खेतीयोग्य जमिनको विवरण हेर्दा सबैभन्दा बढी खेतीयोग्य जमिन वडा नं ६ मा रहेको छ भने सबैभन्दा कम खेतीयोग्य जमिन वडा नं ५ मा रहेको छ। वडा अनुसार खेतीयोग्य जमिनको विवरण तलको तालिका-१९ मा उल्लेख गरिएको छ।

तालिका- १९: वडा अनुसार खेतीयोग्य जमिनको विवरण

| वडा नं. | क्षेत्रफल (रोपनीमा) |
|---|---|
| १ | २०६२ |

| | |
|---|---|
| २ | १५०७ |
| ३ | २७१३ |
| ४ | ११५८ |
| ५ | ९७१ |
| ६ | ४२६६ |
| **जम्मा:** | **१२,६७७** |

### ४.२.३. भू-उपयोग सम्बन्धि नक्शा




## ४.३. कृषी तथा पशु बिकास

### ४.३.१. सिँचाई सुबिधाको उपलब्धता

यस मार्मा गाउँपालिकामा सिँचाईको लागि उपयुक्त हुने खालका प्रशस्त खोलानाला तथा मुहानहरु रहेका भएता पनी खेतीपातीको लागि आवश्यक सिँचाई सबै बस्तिहरुमा उपलब्ध हुन सकेको छैन। भिरालो जमिनको बनावट र सिँचाई कुलो निर्माणका लागि असजिलो भू-भाग रहेकोले पनि सबै खेतीयोग्य जमिनमा सिचाई सुबिधा उपलब्ध गराउन कठिन रहेको छ। सर्वेक्षणबाट प्राप्त तथ्यांकहरुको विश्लेषण गर्दा हालसम्म आकासे पानीको भरमा खेती गर्ने घरधुरीहरु ९६६(३४.५%) रहेका छन। त्यसैगरी बर्खायाममा मात्रै सिँचाई सुबिधा भएका घरपरिवार संख्या ४६३(१६.५%) र बाह्रै महिना सिँचाई सुबिधा प्राप्त गर्ने घरपरिवार संख्या ९५२(३४%) रहेका छन। साथै हाल सिँचाई सुबिधा नभएका तर प्राबिधिक दृष्टिकोणले सिँचाई निर्माण गर्न सकिएको खण्डमा सिँचाईसेवा बाट लाभान्वित हुनसक्ने घरपरिवार संख्या ४२२

अर्थात करिब १५% रहेको देखिन्छन। वडागत रुपमा सिँचाई सुविधा भएका र नभएका घरपरिवारको विवरण तालिका-२० मा प्रस्तुत गरिएको छ भने वडा अनुसार हाल सिंचित भइरहेको जमिन, क्षेत्रफल (रोपनीमा) र बस्तीहरुको विवरण तालिका-२१ मा प्रस्तुत गरिएको छ।

**तालिका- २०: वडा अनुसार सिचाई सुबिधा भएका र नभएका घरपरिवारहरुको विवरण**

| वडा नं. | सिँचाई सुबिधा उपलब्ध परिवार संख्या | | | | जम्मा |
|---|---|---|---|---|---|
| | आकासे पानीको घरमा खेती गर्ने | बर्खामा मात्रै सिँचाई सुविधा भएका | बाहैं महिना सिँचाई सुबिधा भएका | सुबिधा नभएको तर हुन सक्ने | |
| १ | २५७ | ८२ | ६१ | २६४ | ६६४ |
| २ | ४८ | २४ | ३१० | ४६ | ४२८ |
| ३ | ९६ | १६४ | ७२ | १०२ | ४३४ |
| ४ | २८० | १५ | २०० | ० | ४९५ |
| ५ | १३८ | ६८ | १३६ | ० | ३४२ |
| ६ | १४७ | ११० | १७३ | १० | ४४० |
| **जम्मा:** | **९६६** | **४६३** | **९५२** | **४२२** | **२८०३** |
| % | ३४.५% | १६.५% | ३४.५% | १५.१% | १००% |

**तालिका- २१: विद्यमान सिंचित जमिनको क्षेत्रफल र बस्तीहरुको विवरण**

| वडा नं. | सिंचित क्षेत्रफल (रोपनीमा) | सिँचाई सुबिधा भएका मुख्य बस्तीहरुको नाम |
|---|---|---|
| १ | २,०६२ | ताकु, घोल्जर, जुड़े, वार्कु, तोलीमान्डो, पडाथी घोल्जर, मल्लादह, तल्लो दह |
| २ | १,५०७ | कोरथला, ओडीखेत, सीमार, रस्कोट, घट्टेबगर, गंगडा, चौडाली, उमाडा, ठुल्थाला |
| ३ | २,७१३ | लटिनाथ सार्सी, च्युरानी, नलबगड, सल्लेथुम, कोपरे, भैंसे, रिल |
| ४ | १,१५८ | बजकोट धारीगाड, बजकोट, वजकोट सिमल्टा, मर्मीति, पडपाडा |
| ५ | ९७१ | मुरे, जन्निगाउँ, बसर |
| ६ | ४,२६६ | पत्थरकाँडा, मल्ला सेरी |
| **जम्मा:** | **१२,६७७** | |

## ४.३.२. कृषि उत्पादन सम्बन्धि विवरण

यस मार्मा गाउँपालिकाको प्रमुख कृषि उत्पादन अन्नबाली रहेका छन्। अन्नबालीहरुमा मूख्यगरि मकै,गहुँ, धान, कोदो रहेका छन। त्यसैगरि दलहन बालीमा मुख्य गरि सिमि, भटमास, मसुरो, मास आदि उत्पादन

हुने गर्दछ भने फलफुलबालीमा आरु, ओखर, केरा, आलुबखडा उत्पादन हुने गरेको छ। तेलबाली धेरै उत्पादन नभएपनि यस गाउँपालिकाको मुख्य तेलबालीको रुपमा तोरी/सरस्युं उत्पादन हुने गरेको छ। मसलाबालीहरुमा लसुन, धनिया, खुर्सानी रहेका छन। तेलबाली तथा मसलाबालीको गाउँपालिका भित्र उत्पादन हुने एकदमै राम्रो सम्भावना रहेता पनि त्यसको प्रचुरमात्रामा उत्पादन हुन सकेको देखिदैन। मुख्य कृषिजन्य उत्पादनहरुको वडा अनुसार उत्पादन विवरण तलको तालिका-२२ मा प्रस्तुत गरिएको छ।

**तालिका- २२: वडा अनुसार कृषिजन्य उत्पादनहरुको विवरण**

| वडा नं. | बार्षिक कृषिजन्य उत्पादन (क्विन्टलमा) | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | धान | मकै | गहुँ | कोदो | दलहन बाली | तेलबाली | तरकारी बाली | मसला बाली | फलफुल | |
| १ | १५३ | ६२७ | ६२३ | ८३ | ६१२ | ६४८ | ० | ० | ० | २७४६ |
| २ | ५४६ | ८९७ | ५४३ | ५७ | १९६५ | ४५८ | १८४ | १३७ | १८ | ४८०५ |
| ३ | ५३९ | ९५६ | ६७९ | ७९ | १९२१५ | ५४७ | ११०१ | २६६ | ३३ | ४३९२१५ |
| ४ | ४४७ | ८९९ | ७४७ | ४७ | २९५ | ३७० | १९५१ | ३८६ | ४३ | ५१८५ |
| ५ | ३१५ | ९०२ | ६९४ | ९४ | ३६० | ३६० | २३ | ४२ | २१ | २८११ |
| ६ | ५८० | ११९५ | ६६० | ६० | २९१ | ३१२ | २०६ | ५६९ | ७० | ३९४३ |
| **जम्मा:** | **२५८०** | **५४७६** | **३९४६** | **४२०** | **३७१६** | **२६९५** | **३४६५** | **१४००** | **१८५** | **२३८८३** |
| % | १०.८% | २२.९% | १६.५% | १.८% | १५.६% | ११.३% | १४.५% | ५.९% | ०.८% | १००% |

माथिको तालिका-२२ अनुसार, यस मार्मा गाउँपालिकाको मुख्य कृषि उत्पादनको रुपमा ५२% अन्नबाली रहेको छ। अन्नबालीमा पनि सबैभन्दा बढी करिब २२.९% उत्पादनको हिस्सा मकै रहेको छ। त्यसैगरि गहुँ १६.५%, धान १०.८%, कोदो १.८% रहेको छ। अन्नबाली पछि दोश्रो बढी उत्पादन दलहनबालीको हुने गरेको छ जुन कुल कृषि उत्पादनको करिब १५.६% रहेको छ। त्यसैगरी तरकारी बाली १४.५%, तेलबाली ११.३%, मसलाबाली ५.९% र फलफुल ०.८% उत्पादन हुने गरेको छ।

### ४.३.३. कृषिजन्य बालीनालीमा मलखाद र बिषादीको प्रयोगको अवस्था

कृषिजन्य बालीनालीहरुमा रासायनिक मलखाद र बिषादीहरुको प्रयोग नेपालमा पनि बढ्दै गरिरहेको तर यसले मानव स्वास्थ्य लगायत वातावरण र पर्यावरणमा ठूलो क्षति गर्दै आइरहेको बिभिन्न अध्ययन/अनुसन्धानहरुले पुष्टि गरेका छन। तर क्षति भइरहेको भएपनि कृषि उत्पादनहरुको वृद्धिका

लागि यसको प्रयोग गर्ने पर्ने अवस्था एकातिर रहेको छ। त्यसैले बिशेषगरि मानव स्वास्थ्य र वाताबरणमा कम असर गर्ने गरि रसायनिक बिषादीहरुको प्रयोग हुन एकदमै जरुरि रहेको छ[1]।

यस मार्मा गाउँपालिका भौगोलिक आधारमा दुर्गम पहाडी गाउँपालिका भएको हुँदा हालसम्म एकदमै बढी मात्रामा रासायनिक मलखाद तथा बिषादीहरुको खेतीपातीमा प्रयोग भइरहेको पाइदैन। तर बिस्तारै यातायातको सहज पहुँच, पशुपालनमा हुँदै गईरहेको ह्रास, कृषि तथा पशुपालन भन्दा बैदेशिक रोजगारीमा युवाहरुको बढ्दो आकर्षणले गर्दा परम्परागत रुपमा प्रयोग हुँदै आइरहेको गोबरमलको प्रयोग बालीनालीमा घट्दै गईरहेको देखिन्छ। घरधुरी सर्वेक्षणबाट प्राप्त तथ्यांक अनुसार यस गाउँपालिकाका कुल घरधुरी मध्ये करिब ५.५% घरधुरीहरुले बालीनालीमा रासायनिक मलको प्रयोग गर्ने गरेका छन भने बाँकी ९४.५% घरधुरीहरुले गोठे गोबर मल नै प्रयोग गर्ने गरेका छन। त्यसैगरी बिषादी प्रयोगको अवस्था हेर्दा मुख्यतः ब्यबसायिक रुपमा बेमौसमी तरकारी खेतीको लागि करिब ६७ (२.४%) घरधुरीहरुले रासायनिक बिषादीको प्रयोग गर्ने गरेको भन्ने देखिन्छ भने बेमौसमी तरकारी बाहेक अन्य बालीनालीहरुमा बिषादीको प्रयोग नगर्ने गरेको देखिएको छ। वडागत रुपमा रासायनिक मल र बिषादी प्रयोग गर्ने घरधुरी संख्या विवरण तालिका-२३ मा उल्लेख गरिएको छ।

**तालिका- २३: वडा अनुसार रासायनिक मल र बिषादी प्रयोग गर्ने घरधुरीहरुको विवरण**

| वडा नं. | मलखाद तथा बिषादी प्रयोगको अवस्था (घरधुरी संख्या) | | | | जम्मा घरधुरी |
|---|---|---|---|---|---|
| | रासायनिक मल प्रयोग गर्ने | गोबरमल प्रयोग गर्ने | बिषादी प्रयोग गर्ने | बिषादी प्रयोग नगर्ने | |
| १ | ० | ६६४ | २ | ६६२ | ६६४ |
| २ | १३ | ४१५ | ५ | ४२३ | ४२८ |
| ३ | २२ | ४१२ | ११ | ४२३ | ४३४ |
| ४ | ९७ | ३९८ | २२ | ४७३ | ४९५ |
| ५ | ० | ३४२ | ८ | ३३४ | ३४२ |
| ६ | २३ | ४१७ | १९ | ४२१ | ४४० |
| **जम्मा:** | **१५५** | **२६४८** | **६७** | **२७३६** | **२८०३** |
| % | ५.५% | ९४.५% | २.४% | ९७.६% | |

## ४.३.४. पशुपन्छीजन्य उत्पादन/पालन सम्बन्धि विवरण

यस मार्मा गाउँपालिकामा बनजंगल र पशुचौपायाहरुका लागि आवश्यक चरण क्षेत्र प्रशस्तै रहेको छ। तथापी, हाल बनजंगल तथा चरिचरन क्षेत्रको अभाव, पशुपालन प्रति नयाँ पिढीमा लगाव नहुनु र हाल रोजगारीको लागि विदेशिने प्रचलन ग्रामिण क्षेत्रमा पनि बढ्दै गईरहेकोले पशुपालन गर्ने घरपरिवार

[1] बिषादी अवशेष द्रुत विश्लेषण कार्यक्रम संचालन निर्देशिका, २०७५ (नेपाल सरकार कृषि तथा पशुपंछी विकास मन्त्रालय, कृषि बिभाग, केन्द्रिय कृषि प्रयोगशाला, हरिहर भवन, ललितपुर द्वारा प्रकाशित)

संख्या र पशुचौपाया संख्या घट्दै गैरहेको छ। बिगतमा यस मार्मा गाउँपालिकाका मानिसहरुले प्रसस्त मात्रामा भेडा/बाख्रा, भैंसी, गाईगोरु पालन गर्ने गरेको भएतापनि हाल पशुपन्छी पालन घट्दै गईरहेको देखिन्छ। घरधुरी सर्वेक्षणबाट प्राप्त तथ्यांक अनुसार यस गाउँपालिकामा पशुपन्छीपालनको संख्या हेर्दा सबैभन्दा बढी करिब १०,२२३ भेडाबाख्रा, ८,८३१ गाईगोरु, २,६१६ कुखुरा/हाँस, १,४४४ भैंसी/राँगा, १३२ घोडाखच्चड, ४२९ माहुरीघार रहेको देखिन्छ[२]। पशुपन्छीजन्य उत्पादन/पालन (संख्यामा) को वडा अनुसारको विवरण तालिका-२४ मा प्रस्तुत गरिएको छ।

तालिका- २४: पशुपन्छीजन्य उत्पादन/पालनको वडागत विवरण (संख्यामा)

| वडा नं | पशुपन्छी उत्पादन (संख्या) | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | गाई गोरु | भैंसी/राँगा | भेडा बाख्रा | घोडा खच्चड | सुँगुर/बंगुर | कुखुरा, हाँस | माहुरी (घार) | |
| १ | २६८० | २४३ | ३६३२ | ५९ | १३ | ११९२ | ३१ | ७८५० |
| २ | १३०८ | १५१ | ८७१ | १ | ० | ६६ | ४३ | २४४० |
| ३ | १२६९ | ९३ | १४२१ | ६ | ० | ६१५ | ७६ | ३४८० |
| ४ | १०५८ | ३८६ | ११८३ | ० | ० | ७ | ८० | २७१४ |
| ५ | ८६३ | २३९ | १२७० | ३१ | ६ | ७३ | ६ | २४८८ |
| ६ | १६५३ | ३३२ | १८४६ | ३५ | २० | ६६३ | १९३ | ४७४२ |
| जम्मा: | ८८३१ | १४४४ | १०२२३ | १३२ | ३९ | २६१६ | ४२९ | २३७१४ |
| % | ३७.२.% | ६.१% | ४३.१% | ०.६% | ०.२% | ११% | १.८% | १००% |

### ४.३.५. खाद्यान्न, फलफुल तथा तरकारीबालीमा लाग्ने रोगकिरा

पछिल्लो समयमा जलवायुमा अनपेक्षित रुपमा हुँदै आइरहेको उतारचढाव वा परिबर्तन जस्तै; तापक्रम वृद्धि, अनावृष्टि/अतिवृष्टिले गर्दा बालीनाली तथा पशुपन्छीहरुमा नयाँ रोग तथा किराहरुको प्रकोप बढ्दै गैरहेको छ। यस मार्मा गाउँपालिकामा पनि विभिन्न वालीनाली तथा कृषि उपजमा रोग तथा कीराको प्रकोपले क्षति पुरयाउने गरेको छ। जसको कारण यस गाउँपालिकामा क्षेत्रमा तरकारी, फलफुल, खाद्यान्न, दलहन तथा नगदे वालीको उत्पादनमा नकारात्मक प्रभाव पर्ने गरेको छ। मूख्यगरि बालीनालीहरुमा डडुवा रोग, कालोपोके, ढुसी, फंगस जस्ता रोगहरु र फौजी किरा, सलह किरा आदिको प्रकोप अत्यधिक मात्रामा देखिने गरेको छ।

### ४.३.६. पशुपंछीमा लाग्ने मुख्य रोगहरु

यस गाउँपालिका क्षेत्रमा मौसम अनुसार लाग्ने विभिन्न खालका रोगले बेला वखतमा पशुपंछी पालनमा क्षतिगर्ने गरेको छ। जसको कारण पशुपन्छीजन्य उत्पादनमा क्षति पुग्ने गरेको छ। यस्ता रोगव्याधीलाई

[२] नोट: - उल्लेखित संख्या घरधुरी सर्वेक्षणको क्रममा लिइएको भएतापनि पशुपन्छी गणना नगरिएको हुँदा सो संख्यामा केहि घटबढ हुन सकनेछ

कतिपयले घरमै उपचार गर्ने गरेको देखिन्छ भने केहिले स्थानीय स्तरमा रहेका भेटेरीनरीहरुवाट औषधि उपचार गराउने गर्दछन। तर यस गाउँपालिकाका सबै वडा/बस्तीहरुमा भेटेरीनरी सेवाको सहज पहुँच नहुने हुँदा कहिले काँही पशुपंछीहरुमा देखापर्ने महामारिले ठुलो क्षति हुने गरेको छ। यस गाउँपालिकामा पशुपंछीहरुमा देखा पर्ने रोगहरुमा भ्यागुते, चरचरे, खोरेत, एन्फेक्स, पी.पी.आर, एन युरिया, डर्माटाइटिस, डायरिया, पाइरेक्ससिया, रिटेनप्रोसेन्टा, रिस्टोकिया, एनोरेक्सिस, एल एफ, राउन्डओर्म, टेपओर्म, महोस्ट, टिक्स, लाइस, सर्भिसाइटिस, भेट्राइटिस, पायोमेट्रा, स्वइन फिबर, स्वाइन फ्लु आदि रहेका छन्। हाल पशु चौपायामा विद्धमान रुपमा **लम्पी स्किन** नामको रोग देखिएको छ ।

### ४.३.७. ब्यबसायिक कृषि फर्म सम्बन्धि विवरण

यस मार्मा गाउँपालिकामा पनि स्थानीय सरकारको निर्माण पश्चात मानिसहरुले बिभिन्न खालका ब्यबसायहरुको सुरुवात गरिरहेका छन। स्थानीय स्तरमा बढ्दै गैरहेको यातायातको पहुँच, मानिसहरुको आवतजावत र स्थानीय सरकारको सामाजिक र आर्थिक प्रबर्धनात्मक कार्यक्रमहरुले गर्दा मानिसहरुमा ब्यवसायिक रुपमा कामगर्ने परिपाटीको बिकास हुँदै गईरहेको देखिन्छ। यस मार्मा गाउँपालिकामा पनि पशुपालन र कृषिजन्य विभिन्न आयमुलक ७१ वटा फर्महरु संचालन भैरहेको संस्थागत सर्वेक्षणबाट देखएको छ। संचालित ७१ वटा फर्म मध्ये बाख्रापालन फर्म ३७ वटा, कुखुरापालन फर्म १९ वटा ( स्थानीय कुखुरा फर्म ९ वटा र ब्रोइलर १० वटा फर्म), माछापालन फर्म ४ वटा, नर्सरी तथा फलफुल नर्सरी ५ वटा रहेका छन। यि विभिन्न ७१ वटा फर्मबाट गाउँपालिका भित्र करिब ११३ जनाले प्रत्यक्षरुपमा रोजगारी समेत पाएका छन्। ब्यबसायिक कृषिजन्य फर्म सम्बन्धि विवरण तालिका-२५ मा प्रस्तुत गरिएको छ।

**तालिका- २५: गाउँपालिका भित्र संचालित ब्यबसायिक फर्म सम्बन्धि विवरण**

| | बाख्रापालन फर्म | कुखुरापालन फर्म | माछापालन फर्म | मासु पसल | नर्सरी तथा फलफुल फर्म | जम्मा |
|---|---|---|---|---|---|---|
| **फर्म संख्या** | ३७ | १९ | ४ | ६ | ५ | ७१ |
| **फर्म रहेको वडा** | ६ वटै वडामा | ६ वटै वडामा | वडा नं. १,३,४,६ मा | वडा नं १,२,३ | वडा नं. ३,४,६ | |
| **रोजगार संख्या (जना)** | ७९ | १९ | ४ | ६ | ५ | ११३ |

### ४.३.८. कृषि तथा पशुसेवा संग सम्बन्धित मानव संसाधन

यस मार्मा गाउँपालिकामा कृषि तथा पशुसेवा प्रसारका लागि आवश्यक पर्ने दक्ष मानव श्रोत आवश्यता अनुसार प्रयाप्त रहेका छैनन्। कृषि तथा पशुसेवा प्रचार प्रसारका लागि सेवाकेन्द्रहरु अलि टाढा-टाढा

रहेको हुँदा कृषकलाई आवश्यक परेको बेला तुरुन्तै सेवा प्रवाहको लागि सम्बन्धित क्षेत्रका मानव संसाधन विकास गर्नु अपरिहार्य रहेको छ। हालसम्म गाउँपालिका भित्र विकास गरिएका मानव संसाधनहरु कूल ४७ जना मध्ये ब्यबसायिक अगुवा कृषक ३७ जना, कृषि सम्बन्धि प्राबिधिक/जे.टि.ए. २ जना, ग्रामिण पशु सेवा कार्यकर्ता २ जना, र नर्सरी नाइके ६ जना मात्रै रहेका छन्। त्यसैले कृषि तथा पशुपालनमा व्यवसायीकरण गरि आयआर्जनमा सुधारका लागि दक्ष मानव संसाधनको निमार्ण गर्न आवस्यक रहेको छ। हाल कृषि तथा पशुपालन सम्बन्धि उपलब्ध मानव संसाधनको विवरण तलको तालिका-२६ मा प्रस्तुत गरिएको छ।

तालिका- २६: गाउँपालिकामा रहेका कृषि तथा पशुपालन सम्बन्धि मानव संसाधन

| ब्यबसायिक अगुवा कृषक | कृषि जे.टि.ए. | ग्रामिण पशुसेवा कार्यकर्ता | नर्सरी नाइके | जम्मा |
|---|---|---|---|---|
| ३७ | २ | २ | ६ | ४७ |

## ४.३.९. कृषि तथा पशुपालनसंग सम्बन्धित समुह तथा सामुदायिक संस्थाहरुको विवरण

यस मार्मा गाउँपालिकामा सरकारी निकायहरु तथा गैह्र सरकारी संघ/संस्थाहरुले बिभिन्न क्रियाकलापहरु संचालनका लागि समुदायमा कार्यगत समुह/सामुदायिक संस्थाहरु गठन गरि परिचालन गरेको पाइन्छ। टोल तथा बस्तीस्तरमा बिभिन्न समयमा बिभिन्न संस्था/समुह गठन गरिएता पनि हाल सिमित समुहहरु मात्र सक्रिय रहेका छन्। संस्थागत सर्वेक्षणबाट प्राप्त तथ्यांक अनुसार यस गाउँपालिकामा बिभिन्न कार्य प्रयोजनका लागि बिभिन्न समयमा १७८ वटा संस्था/समुहहरु गठन भएको भएतापनि हाल ५१ वटा समुहहरुमात्र सक्रिय रहेका छन्।

कृषि तथा पशुपालन सम्बन्धि पनि यस गाउँपालिकामा कृषक समुह र पशुपालन समुहको रुपमा गठन भइ परिचालनमा रहेका छन्। यस गाउँपालिकामा कृषक समुहहरु ७० वटा र पशुपालन समुहहरु ३७ वटा गरि जम्मा १०७ वटा समुहहरु गठन भएको पाइएको छ। ति १०७ वटा समूहहरुमा कुल १५७७ सदस्यहरु (महिला ११६३ र पुरुष ४१४) आबद्ध भएका छन्। ति समुहहरुको विवरण तालिका-२७ मा प्रस्तुत गरिएको छ।

**तालिका- २७: गाउँपालिका भित्र गठन भएका कृषक समुह र पशुपालन समुहहरुको विवरण**

| **कृषक समुह र सदस्य संख्या** | | | **पशुपालन समुह र सदस्य संख्या** | | | **जम्मा** | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| समुह संख्या | महिला सदस्य संख्या | पुरुष सदस्य संख्या | समुह संख्या | महिला सदस्य संख्या | पुरुष सदस्य संख्या | जम्मा समुह संख्या | जम्मा महिला सदस्य | जम्मा पुरुष सदस्य | कूल सदस्य संख्या |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७० | ८२५ | ३८२ | ३७ | ३३८ | ३२ | १०७ | ११६३ | ४१४ | १५७७ |

### ४.३.१०. संकलन केन्द्र तथा चिस्यान केन्द्रहरुको विवरण

यस मार्मा गाउँपालिकामा १ वटा कृषिउपज संकलन तथा बिक्रि केन्द्र र २ वटा चिस्यान केन्द्र रहेका छन्।यसबाहेक ४ वटा एग्रोभेट तथा बिउंबिजन संकलन तथा वितरण केन्द्र र १ वटा दुग्ध संकलन केन्द्र (डेरी) रहेका छन्।चिस्यान केन्दको भवन निर्माण भएतापनि अन्य आवश्यक सामानहरु जस्तै; रयाक, क्रेटहरुको अभाव रहेको छ।यि माथि उल्लेखित संकलन केन्द्र तथा चिस्यान केन्द्रहरु रहेको स्थान विवरण तलको तालिका-२८ मा प्रस्तुत गरिएको छ।

**तालिका- २८: संकलन केन्द्र तथा चिस्यान केन्द्रहरुको विवरण**

| विवरण | संख्या | स्थान |
|---|---|---|
| चिस्यान केन्द्र | २ वटा | लाम्बगर र लटिनाथ बजार |
| एग्रोभेट तथा बिउंबिजन केन्द्र | ४ वटा | च्युरानी, लटिनाथ बजार, सेल्बिसा र लाम्बगर |
| कृषिउपज तथा पशु संकलन केन्द्र | १ वटा | लाम्बगर |
| दुग्ध संकलन केन्द्र (डेरी) | १ वटा | लटिनाथ बजार |

### ४.३.११. कृषि तथा पशुपालनका लागि पकेट क्षेत्रहरु

यस मार्मा गाउँपालिकामा कृषिबाली तर्फ आलु र ओखर पकेट क्षेत्र रहेको छ।मार्मा गाउँपालिकाको वडा नं ६, चेतकल्ली र वडा नं १ को तोलीमान्डुलाई आलु पकेट क्षेत्रको रुपमा घोषणा गरिएको छ भने वडा नं ४ को बार्कु र थाम, वडा नं ३ को सल्लेथुम र ओखलासैनलाई ओखरका लागि पकेट क्षेत्रको रुपमा घोषणा गरिएको छ।

त्यस्तै पशुपालन पकेट क्षेत्रतर्फ वडा नं. ३ र ५ लाई बाख्रापालन पकेट क्षेत्र, वडा नं ४ लाई गाईपालन पकेट क्षेत्र, वडा नं. १ र ५ लाई भेडापालन पकेट क्षेत्रको रुपमा घोषणा गरिएको छ।पकेट क्षेत्रको विवरण तालिका-२९ र ३० मा दिइएको छ।

**तालिका- २९: कृषिपकेट क्षेत्रहरुको विवरण**

| क्र.स. | पकेट क्षेत्र (कुन उत्पादन) | स्थान (वडा र बस्ती) | आबद्द घरधुरी संख्या | सिचाई सुबिधाको उपलब्धता | बर्तमान उत्पादनको अवस्था |
|---|---|---|---|---|---|
| १ | आलु पकेट क्षेत्र | मार्मा ६ चेतकल्ली मार्मा १ तोलिमान्डौ | १३५ | छ | सिजन अनुसार निरन्तर उत्पादन हुन्छ |
| २ | ओखर पकेट क्षेत्र | मार्मा ४ बार्कु, थाम मार्मा ३ सल्लेथुम, ओखालाशैन | १६० | पोखरी निर्माण भएका छन | | पाइप उपलब्ध गराउनु पर्ने छ |

**तालिका- ३०:पशुपालन पकेट क्षेत्रहरुको विवरण**

| क.सं. | पकेट क्षेत्र (कुन पालन) | स्थान | आवद्ध घरधुरी संख्या | वन तथा चरण क्षेत्रको उपलब्धताको अवस्था | वर्तमान उत्पादनको अवस्था |
|---|---|---|---|---|---|
| १ | बाख्रा पालन पकेट क्षेत्र | वडा नं.३ र ५ | ५२ | छ | उत्पादन भइ रहेको छ |
| २ | गाइ पालन पकेट क्षेत्र | वडा नं.४ | २५ | छ | उत्पादन भइ रहेको छ |
| ३ | भेडा पालन पकेट क्षेत्र | वडा नं.१ र ५ | ८२ | छ | उत्पादन भइ रहेको छ |

## ४.४. पर्यटन बिकास

### ४.४.१. पर्यटकीय स्थलहरुको विवरण

यस मार्मा गाउँपालिका धार्मिक पर्यटकीय आधारमा दार्चुला जिल्लाकै महत्वपूर्ण मानिन्छ।यस गाउँपालिकाका मुख्य पर्यटकीय स्थलहरुमा वडा नं ३ मा अवस्थित लटिनाथ मन्दिर, वडा नं १ मा रहेको घोल्जरमा रहेको दुर्गा भवानी मन्दिर, वडा नं १ मा रहेको परमचुली धाम र वडा नं ४ मा रहेको तपोवन तातोपानी क्षेत्र मुख्य धार्मिक पर्यटकीय स्थलको रुपमा रहेका छन्।यस पालिका भित्र रहेको लटिनाथ मन्दिर र तपोवनमा रहेको तातोपानी दार्चुला जिल्लाकै महत्वपूर्ण धार्मिक क्षेत्रको रुपमा परिचित रहेको छ।शिवरात्रि र माघे संक्रान्तिको दिन तातोपानी क्षेत्रमा मानिसहरुको घुइचो लाग्ने गर्दछ। त्यसैगरी वडा नं १ मा रहेको घोल्जर लाई दार्चुला जिल्लाको नौगाड गाउँपालिकामा रहेका धामी र

ठगुन्ना जातिहरुको मुख्य पुख्यौंली थलो भएको हुँदा उक्त ठाउंका बासिन्दाहरु मन्दिरमा पुजाआजाका लागि आउने गर्दछन।

### ४.४.२. होटल, रिसोर्ट तथा रेष्टुरेन्ट सम्बन्धि विवरण

यस गाउँपालिकामा गाउँपालिकाको स्थापना र सडक यातायातको पहुँच पछी मानिसहरुको आवतजावत पनि बढेको छ।मानिसहरुको आवतजावत बढे संगै स्थानीयस्तरमा होटेल, लज, रेस्टुरेन्टको संख्या पनि बढिरहेको छ।यस गाउँपालिकामा हाल खाना तथा बासबस्ने सुबिधा सहितका ६ वटा होटलहरु संचालनमा रहेका छन्।ति होटेल/लजहरु वडा नं ३ मा ३ वटा र वडा नं २ मा ३ वटा रहेका छन्। ति होटेल/लजहरुको सारांश विवरण तालिका-३१ मा दिइएको छ।

**तालिका- ३१ः गाउँपालिकामा रहेका मुख्य होटेल/लजहरुको विवरण**

| होटेल, लज, रेष्टुरेन्टको नाम | अवस्थित टोल, बस्तीको नाम | संचालकको नाम र सम्पर्क | सेवाको प्रकार | संचालनमा आएको मिति | कैफियत |
|---|---|---|---|---|---|
| अनुप होटल लटिनाथ | लटिनाथ-३ बजार | | खाना तथा बास बस्ने व्यवस्था | बिगत ४ बर्ष देखि | |
| अनुजा होटल | लटिनाथ-३ बजार | सुरेन्द्र बिष्ट | खाना तथा बास बस्ने व्यवस्था | बिगत १ बर्ष देखि | |
| सल्लाघारी होटल | लाम्बगर -२ | दिपेन्द्र बिष्ट | खाना तथा बास बस्ने व्यवस्था | बिगत ५ बर्ष देखि | |
| बिष्ट होटल | लाम्बगर -२ | गणेश बिष्ट | खाना तथा बास बस्ने व्यवस्था | बिगत ५ बर्ष देखि | |
| कार्की होटल | लाम्बगर -२ | | खाना तथा बास बस्ने व्यवस्था | बिगत २ बर्ष देखि | |
| मिलिजुली होटल | लटिनाथ -३ | | खाना तथा बास बस्ने व्यवस्था | | |
| दाजु भाइ होटल | लटिनाथ -३ | | खाना तथा बास बस्ने व्यवस्था | | |
| भ्यु टावर होटल | लटिनाथ -३ | नाम राज बिष्ट | खाना तथा बास बस्ने व्यवस्था | | |
| शिबम होटल | लटिनाथ -३ | | खाना तथा बास बस्ने व्यवस्था | नयाँ | |
| चाहना सितोली होटल | लटिनाथ -३ | दशरथ सितोली | | | |
| मिलन चोक सिंह पशल | लटिनाथ -२ सीमार | केशब बहादुर सिंह | खाना तथा बास बस्ने व्यवस्था | बिगत ५ बर्ष देखि | |
| कैलाश तालाबन्द होटल | लटिनाथ -२ सीमार | राकेश धामी | खाना तथा बास बस्ने व्यवस्था | | |
| गौरी शंकर होटल | लटिनाथ -२ सीमार | धन बहादुर सिंह | खाना तथा बास बस्ने व्यवस्था | | |
| नमुना होटल | सेल्बिशा | मदन सिंह महरा | खाना तथा बास बस्ने व्यवस्था | | |
| आशिर्बाद होटल | सेल्बिशा | रमेश महरा | खाना तथा बास बस्ने व्यवस्था | | |

## ४.५. उद्योग, ब्यापार तथा बैंकिंग सेवाहरु

### ४.५.१. औद्योगिक बिकास

यस गाउँपालिकामा उपलब्ध प्राकृतिक श्रोतहरुको प्रयोग गरि स्थानीयस्तरमा लघु उद्योगहरु संचालन गर्न सकिने प्रचुर सम्भावना रहेको छ। यस गाउँपालिकाका मर्मीति तथा च्युरानी बस्तीहरुमा च्युरी प्रशस्त रुपमा पाइने हुँदा त्यसको बनस्पति तेल तथा च्युरीबाट साबुन बनाउने खालका लघु उद्योगहरु संचालन गर्न सकिने सम्भावना रहेको देखिन्छ। त्यसका साथै वडा नं १ र २ मा नेपाली कागज बनाउन आवश्यक पर्ने लोक्ता प्रसस्त हुने हुँदा नेपाली हाते कागजका लघु उद्योगको सम्भावना रहेको छ। गाउँपालिका भित्र विद्यमान लघुउद्यमहरुको विवरण तालिका-३२ मा प्रस्तुत गरिएको छ।

**तालिका- ३२: गाउँपालिका भित्र स्थापना भएका लघु उद्योगहरुको विवरण**

| लघु उद्योगको नाम | लघु उद्योग रहेको वडा र स्थान | संचालकको नाम | संचालनको अवस्था |
|---|---|---|---|
| चिउरी प्रसोधन उद्योग | वडा नं ३, लाम्बगर | शंकर सिंह महरा, पुस्कार सिंह महरा (शिबलिंग बचत तथा ऋण सहकारी संस्था संचालक समिति सदश्य ) | संचालनमा रहेको |

### ४.५.२. घट्ट, मिल सम्बन्धि विवरण

यस गाउँपालिका हाताभित्र नदि तथा खोला प्रसस्त रहेको हुँदा अधिकांश घरपरिवारहरु पिसानीका लागि परम्परागत पानी घट्टको प्रयोग गर्दछन भने कुटानीको लागि ढुंगे ओखल (परम्परागत ढिकी) को प्रयोग गर्दछन। हाल बिद्युत सेवा बिस्तार भएसंगै कुटानी, पिसानी र तेल पेल्न केहि ठाउंहरुमा विद्युतबाट चल्ने मिलहरु पनि संचालन भएका छन्। घट्ट तथा मिल सम्बन्धि विवरण तालिका-३३ मा प्रस्तुत गरिएको छ।

**तालिका- ३३: वडा अनुसार घट्ट तथा मिल सम्बन्धि विवरण**

| वडा नं. | पानीघट्ट संख्या | मिल संख्या | जम्मा |
|---|---|---|---|
| १-६ सम्म | ९१ वटा | १ | ९२ |
| जम्माः | ९१ | १ | ९२ |

### ४.५.३. ब्यापार र ब्यबसाय सम्बन्धि विवरण

यस मार्मा गाउँपालिका अपी हिमाल गाउँपालिकाको पनि एकमात्रै प्रवेशमार्ग भएको कारणले व्यापार व्यवसायका सम्भावनाहरु प्रसस्त रहेका छन्। स्थानीय स्तरमा बिकास निर्माणका कार्यहरु पनि तिब्रगतिमा

भैरहेका हुँदा र मानिसहरुको चहलपहल पनि बढ्दै गैरहेको हुँदा थोक तथा खुद्रा पसल, होटेल तथा रेस्टुरेन्ट, हार्डवयर पसल, स्टेशनरी, सिलाइकटाईका साथै कृषि तथा अन्य स्यानीय श्रोतसामग्रीमा आधारित पेशा ब्यब्सायहरुको एकदमै सम्भावना रहेको छ।

यस गाउँपालिकामा मानिसहरुले विभिन्न पेशाब्यबसाय गर्दै आइरहेका छन्। सर्वेक्षण बाट प्राप्त तथ्यांक अनुसार यस गाउँपालिकाका विभिन्न ठाउहरुमा साना पसल तथा ब्यबसायहरु संचालनमा रहेतापनि ब्यबस्थित ढंगले दर्ता भएर संचालन भएका छैनन। मुख्य ब्यापार ब्यबसायको रुपमा यस गाउँपालिका भित्र २५२ वटा रहेका छन्। जसमध्ये १२७(५०%) खुद्रा तथा थोक पसल, ३३ (१३%) वटा होटेल/रेस्टुरेन्ट, ३२ (१२.७%) वटा सिलाइ कटाई, १९ (७.५%) वटा यातायात, ६(२.४%) वटा हार्डवयर पसल, ६(२.४%) वटा स्टेशनरी, र १५(६%) वटा क्लिनिक पसल/ब्यबसाय रहेका छन्। वडागत रुपमा ब्यापार ब्यबसायको विवरण तालिका-३४ मा प्रस्तुत गरिएको छ।

**तालिका- ३४: वडा अनुसार ब्यापार ब्यबसायहरुको विवरण**

| वडा नं | ब्यापार ब्यबसाय(घरधुरी संख्या) | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पसल | होटेल/ रेस्टुरेन्ट | यातायात | हार्डवयर पसल | क्लिनिक वा औषधि पसल | सिलाई/ कटाई | स्टेशनरी | जडिबुटी | ठेक्का पट्टा | अन्य | |
| १ | ० | १ | २ | ० | २ | १३ | ० | ० | ० | ० | १८ |
| २ | ३० | ७ | ० | १ | ० | ४ | ० | ० | ६ | ० | ४८ |
| ३ | ४४ | ८ | ९ | १ | ३ | ५ | २ | ० | ४ | २ | ७८ |
| ४ | १३ | ४ | ३ | १ | ९ | ० | १ | ० | २ | ० | ३३ |
| ५ | ९ | १ | १ | १ | ० | १ | ० | ० | ० | ० | १३ |
| ६ | ३१ | १२ | ४ | २ | १ | ९ | ३ | ० | ० | ० | ६२ |
| जम्मा: | १२७ | ३३ | १९ | ६ | १५ | ३२ | ६ | ० | १२ | २ | २५२ |
| % | ५०.४% | १३.१% | ७.५% | २.४% | ६% | १२.७% | २.४% | ०% | ४.८ % | ०.८% | |

## ४.५.४. खनिज तथा खानी सम्बन्धि विवरण

यस गाउँपालिकामा खनिज तथा खानी सम्बन्धि बिस्तृत अध्ययन भएको नपाइएता पनि चमेलिया नदीमा रहेका ढुंगाहरुको गुणस्तर कंक्रिट तथा सिमेन्टको लागि उपयुक्त रहेको देखिएको हुँदा यस गाउँपालिका हाताभित्र पनि सिमेन्टको लागि उपयुक्त कच्चा पदार्थ (ढुंगा) को खानी रहेको देखिन्छ। यसका अतिरिक्त गाउँपालिकाको वडा नं १ को ताकुमा तामा खानी र वडा नं. १ कै दहमा सिसाखानी रहेको छ। विभिन्न वडा/स्थानहरुमा घर छाउनका लागि आवश्यक पर्ने ढुंगा/स्लेटको खानीहरु रहेका

छन्।गाउँपालिकाबाट अनुमति लिएर केहि स्लेट ब्यबसायीहरुले ति खानीहरुबाट ढुंगा निकानी बिक्रिवितरण समेत गर्दै आइरहेका छन्।

### ४.५.५. स्थानीय बजार तथा ब्यापारिक केन्द्रहरुको विवरण

यस मार्मा गाउँपालिका दार्चुला जिल्लाको अपिहिमाल गाउँपालिका लगायत बझांगको बुंगल क्षेत्रका केहि बस्तीहरु र बैतडीको पुर्चौडी नगरपालिकाको केहि बस्तिहरुबाट दैनिक उपभोग्य बस्तुहरुको किनमेलका लागि नजिक पर्ने हुँदा यस गाउँपालिका भित्रका बिभिन्न स्थानहरुमा स्थानीय बजारहरुको बिकास भइरहेको छ।स्थानीय बजारहरुमा मुख्यगरि दैनिक उपभोग्य सामाग्रीहरुको बिक्रिवितरण हुने गरेको छ भने अन्य सामग्रीहरुका लागि गाउँपालिका भन्दा बाहिर जिल्ला भित्रका मझौला खालका बजारहरु जस्तै; गोकुलेश्वर र खलङ्गा बाट मालसामानहरु खरिद बिक्रि गर्ने गरिन्छ। यस बाहेक यस गाउँपालिकाका ब्यापारीहरुले लत्ताकपडा, भाडाकुँडा आदिको लागि जिल्ला बाहिरका बजारहरु धनगढी, काठमाडौं जस्ता ठुला शहरहरुबाट समेत सामानहरु ल्याउने गरेको पाइएको छ।स्थानीय तथा गैह्र स्थानीय मुख्य बजार क्षेत्रहरुको विवरण तालिका-३५ मा उल्लेख गरिएको छ।

**तालिका- ३५: ब्यापारिक केन्द्रहरुको विवरण**

| ब्यापारिक केन्द्रको नाम | बिक्रिवितरण हुने मूख्य ब्यापारिक बस्तु/सामानहरु | बजारको प्रकार | कैफियत |
|---|---|---|---|
| **स्थानीय मुख्य बजारहरु (गाउँपालिका भित्र)** | | | |
| बिटुले बजार | दैनिक उपभोग्य बस्तुहरु (साबुन, नुन, तेल, घ्यु, दुध/दहि, गुड, माछा, तरकारी आदि) | स्थायी | |
| च्युरानी | दैनिक उपभोग्य बस्तुहरु (साबुन, नुन, तेल, घ्यु, दुध/दहि, गुड, माछा, तरकारी आदि) | स्थायी | |
| लटिनाथ | दैनिक उपभोग्य बस्तुहरु (साबुन, नुन, चामल, तेल, घ्यु, दुध/दहि, गुड, माछा, तरकारी आदि), भाडाकुँडा, लत्ताकपडा आदि | स्थायी | |
| सीमार | दैनिक उपभोग्य बस्तुहरु (साबुन, नुन, तेल, घ्यु, दुध/दहि, गुड, माछा, तरकारी आदि) | स्थायी | |
| सेलबिसा | दैनिक उपभोग्य बस्तुहरु (साबुन, नुन, तेल, घ्यु, दुध/दहि, गुड, माछा, तरकारी आदि) | स्थायी | |
| पारिबगर | दैनिक उपभोग्य बस्तुहरु (साबुन, नुन, तेल, घ्यु, दुध/दहि, गुड, माछा, तरकारी आदि) | स्थायी | |

| गाउँपालिका भन्दा बाहिरका बजारहरु | | | |
|---|---|---|---|
| गोकुलेश्वर बजार | भाडाकुँडा, लत्ताकपडा, स्टेशनरी आदि | | |
| खलंगा बजार | भाडाकुँडा, लत्ताकपडा, स्टेशनरी आदि | | |
| **जिल्ला भन्दा बाहिरका बजारहरु** | | | |
| धनगढी | फेन्सी कपडा, भाडाकुँडा आदि | | |
| काठमाडौं | फेन्सी कपडा, भाडाकुँडा आदि | | |

### ४.५.६. बैंक तथा वित्तीय संस्था सम्बन्धि विवरण

यस मार्मा गाउँपालिकामा समुदाय स्तरमा विभिन्न बचत ऋण समुहहरुले समुहस्तरका बचत ऋण परिचालनका कार्यहरु गर्दै आइरहेका छन् भने यसका अतिरिक्त कार्यालयका बैंकिंग कार्यहरु र पैसा पठाउने तथा प्रासिका लागि सनराईज बैकले शाखा खोलि बैंकिंग/वित्तीय सेवा प्रबाह गर्दै आइरहेको छ। यस बाहेक साना किसान लघुवित्त ले पनि समुहगत बचत ऋण संगै बैंकिंग सेवाहरु पनि उपलब्ध गराउदै आइरहेको छ भने शिवलिंग बचत तथा ऋण सहकारी संस्थाले समुह तथा व्यक्तिगत बचत ऋण सेवा उपलब्ध गराई रहेको छ। गाउँपालिका भित्र वित्तीय सेवा प्रवाह गर्ने बैंक तथा वित्तीय संस्थाहरुको सारांश विवरण तालिका-३६ मा उल्लेख गरिएको छ।

**तालिका- ३६: बैंक तथा वित्तीय संस्थाहरुको विवरण**

| क्र.स. | बैंक वा वित्तीय संस्थाको नाम | कार्यालय रहेको स्थान | बार्षिक कारोवार (रकम रु. हजारमा) | सेवाक्षेत्र |
|---|---|---|---|---|
| १ | सनराइज बैंक | मार्मा ३ लटिनाथ | | मार्मा गा.पा. भित्र बस्ने सम्पूर्ण लगायत अपिहिमाल बासि |
| २ | किसान लघु बित्त | मार्मा २ लामबगर | | मार्मा गा.पा. भित्र बस्ने सम्पूर्ण |
| ३ | शिबलिंग बचत तथा ऋण सहकारी संस्था | मार्मा ३ लामबगर | १२० | मार्मा गा.पा. भित्र बस्ने सम्पूर्ण |

# परिच्छेद-५: सामाजिक अवस्था

## ५.१. शैक्षिक तथा मानव संशाधन बिकास

### ५.१.१. ५ बर्ष भन्दा माथिको बिद्यालय उमेरका बिद्यालय जाने नजाने बालबालिकाहरुको विवरण

यस मार्मा गाउँपालिकामा गरिएको घरधुरी सर्वेक्षण र संस्थागत सर्वेक्षण अनुसार ५-१६ बर्ष उमेर समुह अर्थात् बिद्यालय उमेर समुहका कूल ४,३१५जना बालबालिका रहेका छन्।जसमध्ये केटा ६१६४(५०.२%) र केटीहरुको संख्या २१५१(४९.८%) रहेको छ। उक्त बिद्यालय उमेरका बालबालिकाहरु मध्ये ४१२० (९५.५%) बिद्यालय जाने गरेका र १९५(४.५%) बालबालिकाहरु नजाने गरेको प्राप्त तथ्यांकबाट देखिन्छ।




ग्राफ- १२:बिद्यालय उमेरका बिद्यालय जाने र नजाने बालबालिकाहरुको विवरण

बिद्यालय जाने गरेका ४१२० जना मध्ये पनि बिद्यालय जाने केटा संख्या २११९(५१.४%) रहेका छन् भने बिद्यालय जाने केटीहरुको संख्या २००१(४८.६%) रहेको छ।त्यस्तै बिद्यालय नजाने १९५ जना बालबालिकाहरु मध्ये केटा ४५(२३.१%) र केटी १५०(७६.९%) रहेका छन्। यसको बिस्तृत विवरण माथिको ग्राफ-१२ र तालिका-३७ मा वडा अनुसार प्रस्तुत गरिएको छ।

**तालिका- ३७: वडा अनुसार बिद्यालय जाने र नजाने बालबालिकाहरुको विवरण**

| वडा नं | ५-१६ बर्षसम्मका बिद्यालय जाने/नजाने बालबालिकाहरुको विवरण | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | बिद्यालय जाने | | | बिद्यालय नजाने | | | |
| | केटा | केटि | जम्मा | केटा | केटि | जम्मा | |
| १ | ४४२ | ३४२ | ७८४ | २ | १ | ३ | ७८७ |
| २ | ३२२ | ३१६ | ६३८ | २० | १९ | ३९ | ६७७ |
| ३ | ४४१ | ३९८ | ८३९ | ६ | ९७ | १०३ | ९४२ |
| ४ | ३२८ | ३०४ | ६३२ | ११ | १८ | २९ | ६६१ |
| ५ | १५१ | १७६ | ३२७ | ० | १० | १० | ३३७ |
| ६ | ४३५ | ४६५ | ९०० | ६ | ५ | ११ | ९११ |
| जम्मा: | २११९ | २००१ | ४१२० | ४५ | १५० | १९५ | ४३१५ |
| % | ५१.४% | ४८.६% | ९५.५% | २३.१% | ७६.९% | ४.५% | १००% |

### ५.१.२. पालिकाको साक्षरता अवस्था

यस मार्मा गाउँपालिकाको कूल जनसंख्या १७,२३७ रहेको छ।जसमध्ये १९०८ जना ५ बर्षमुनिको जनसंख्या रहेको र ५ बर्ष माथिको जम्मा जनसंख्या १५,३२९ जनामा साक्षरता अवस्था विश्लेषण गर्दा गाउँपालिकाको कूल साक्षरता ८८% (१३,४६७ जना) रहेको छ जसमध्ये महिला साक्षरता दर ८१% र पुरुष साक्षरता दर ९५% रहेको छ। त्यसैगरि ५ बर्ष माथिको कूल जनसंख्या मध्ये १२% जनसंख्या असाक्षर (पढ्न लेख्न नसक्ने) रहेको देखिन्छ।जुन अहिलेको राष्ट्रिय औसत साक्षरता दर भन्दा उच्च रहेको देखिन्छ।वडा अनुसारको साक्षर र असाक्षर जनसंख्याको विवरण तालिका-३८ मा प्रस्तुत गरिएको छ।

**तालिका- ३८: वडा अनुसार साक्षर र असाक्षर जनसंख्याको विवरण**

| वडा नं | परिवारका सदस्यहरुको साक्षरता अवस्था (५ बर्ष माथिको जनसंख्या मध्ये) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | असाक्षर (५ बर्ष माथिको) | | | साक्षर | | | ५ बर्षमाथिको जम्मा जनसंख्या | | |
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | ४४३ | ० | ४४३ | ११३० | १८५५ | २९८५ | १५७३ | १८५५ | ३४२८ |
| २ | २७७ | २० | २९७ | ९१८ | ११२८ | २०४६ | ११९५ | ११४८ | २३४३ |
| ३ | ३३६ | ९८ | ४३४ | १०५६ | ९४१ | १९९७ | १३९२ | १०३९ | २४३१ |
| ४ | ११३ | ७८ | १९१ | १३५५ | ११६५ | २५२० | १४६८ | १२४३ | २७११ |
| ५ | १३२ | ८२ | २१४ | ७८३ | ७६८ | १५५१ | ९१५ | ८५० | १७६५ |
| ६ | १९५ | ८८ | २८३ | १०६२ | १३०६ | २३६८ | १२५७ | १३९४ | २६५१ |
| **जम्मा :** | **१४९६** | **३६६** | **१८६२** | **६३०४** | **७१६३** | **१३४६७** | **७८००** | **७५२९** | **१५३२९** |
| प्रतिशतः | | | १२% | **८१%** | **९५%** | **८८%** | | | |

वडा अनुसार ५ बर्षमाथिको जनसंख्यामा साक्षरता दर हेर्दा वडा नं ४ मा ९३% साक्षर र ७% असाक्षर रहेका छन् भने सबैभन्दा कम साक्षर वडा नं ३ मा साक्षर ८२.१% र असाक्षर १७.९% रहेका छन्।वडा अनुसारको साक्षर र असाक्षर जनसंख्याको प्रतिशत ग्राफ-१३ मा प्रस्तुत गरिएको छ।




**ग्राफ- १३: वडा अनुसार साक्षर र असाक्षर प्रतिशत**

## ५.१.३. शैक्षिक संस्था र बिद्यार्थी विवरण

यस मार्मा गाउँपालिकामा विभिन्न तहका गरि ४१ वटा शैक्षिक संस्था (बालविकास केन्द्र, आधारभूत तह, माध्यमिक तह, क्याम्पस र प्राबिधिक तथा ब्यबसायिक) हरु रहेका छन्। गाउँपालिका भित्र बालविकास केन्द्र २६ वटा, आधारभूत तहका बिद्यालय ६ वटा, माध्यमिक तहका बिद्यालय ७ वटा, क्याम्पस १ वटा र प्राबिधिक तथा ब्यबसायिक बिद्यालय १ वटा रहेका छन्। ति सबै प्रकारका शैक्षिक संस्थाहरुमा कूल ५५३६ बिद्यार्थीहरु र ...... जना शिक्षक रहेका छन्। ति शैक्षिक संस्थाहरुको सारांश विवरण तालिका-३९ मा प्रस्तुत गरिएको छ।

**तालिका- ३९: तहगत बिद्यालय संख्या, बिद्यार्थी र शिक्षक विवरण**

| क्र.स. | विवरण | संख्या | बिद्यार्थी संख्या | | | शिक्षक संख्या | |
|---|---|---|---|---|---|---|---|
| | | | केटा | केटी | जम्मा | महिला | पुरुष |
| १ | वालविकास केन्द्र | २६ | ३०५ | २५९ | ५६४ | २६ | ० |
| २ | आधारभूत तह (१ देखि ८ सम्म) | ६ | १७८८ | १९०९ | ३६९७ | ० | ० |
| ३ | माद्यमिक तह (९ देखि १२ सम्म) | ७ | ५१५ | ६४२ | ११५७ | ० | ० |
| ४ | क्याम्पस (स्नातक भन्दा माथि) | १ | ५२ | ३४ | ८६ | ० | ० |
| ५ | प्राविधिक तथा व्यवसायिक विद्यालय | १ | १४ | १८ | ३२ | ० | २ |
| | **जम्मा:** | ४१ | २६७४ | २८६२ | ५५३६ | २६ | २ |

### ५.१.४. बिद्यालय बाहिर रहेका तथा बिद्यालय छाडेका बालबालिकाहरुको विवरण

सर्वेक्षणबाट प्राप्त तथ्यांक अनुसार मार्मा गाउँपालिकाका बिद्यालय जाने उमेरका कूल ४,३१५ जना बालबालिकाहरु मध्ये १९५ जना अर्थात् ४.५% बालबालिकाहरु बिद्यालय बाहिर रहेका छन्। त्यसैगरि १६ बर्षमुनिका १६ जना बालबालिका (१ जना केटी र १५ जना केटा)हरु बिद्यालय छोडेर श्रमिकको रुपमा गाउँपालिका भन्दा बाहिर गई कामगर्ने गरेका छन्। बिद्यालय नजानुको मूख्य कारणहरुमा अबिभावकहरुमा शिक्षा सम्बन्धि चेतनाको कमि, पढाई खर्च व्यहोर्न नसक्नु र आधारभूत तह पछि माध्यमिक तहको पढाईका लागि घरभन्दा टाढा जानुपर्ने रहेका छन्।

### ५.१.५. शैक्षिक संस्थामा उपलब्ध भौतिक पूर्वाधार र सुविधाहरुको विवरण

यस मार्मा गाउँपालिकामा जम्मा ४७ वटा बिद्यालयहरु रहेका छन्। गाउँपालिकाको आवश्यकता अनुसार ४७ वटा बिद्यालयहरू प्रयाप्त रहेतापनि बिद्यालयमा उपलब्ध सुबिधाहरुको अवस्था हेर्दा अझै धेरै बिद्यालयहरुमा सिक्ने सिकाउने बातावरण निर्माणका लागि धेरै पहल गर्नुपर्ने रहेको छ। ४७ वटै बिद्यालयहरुमा उपलब्ध भौतिक पूर्वाधार तथा अन्य ब्यबस्थापनका पक्षहरु पर्याप्तता र अपर्याप्तताको अवस्था तलको तालिका-४० मा प्रस्तुत गरिएको छ।

**तालिका- ४०:बिद्यालयहरुमा उपलब्ध सुबिधाहरुको विवरण**

| क्र.स. | विवरण | संख्या | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | प्रयाप्त | अप्रयाप्त | हुदै नभएको | कूल संख्या | |
| १ | जम्मा बिद्यालय संख्या | ० | ० | ० | ४७ | |
| २ | बिद्यालय भवन | १५ | ३२ | ० | ४७ | |
| ३ | खानेपानी सुबिधा | २७ | २० | ० | ४७ | |
| ४ | शौचालय | २७ | २० | ० | ४७ | |
| ५ | केटा र केटीका लागि अलग शौचालय सुबिधा | २७ | २० | ० | ४७ | |
| ६ | महिनावारी स्वच्छता ब्यबस्थापन सुबिधा | ४ | ९ | ३४ | ४७ | |
| ७ | अपांगतामैत्री सरसफाई सुबिधा | ७ | ० | ४० | ४७ | |
| ८ | खेलकुदका लागि चौर भएका | २ | ४५ | ० | ४७ | |
| ९ | बिद्यालयमा पुस्तकालय सुबिधा | ० | १० | ३७ | ४७ | |
| १० | बिद्यालयमा स्वास्थ्य तथा पोषण कार्यक्रम संचालन | ० | ४७ | ० | ४७ | |

*श्रोतः संस्थागत सर्वेक्षण, २०७९*

माथिको तालिका-३७ अनुसार बिद्यालय भवनहरु पर्याप्त रहेका बिद्यालय संख्या १५ वटा र भवन अपर्याप्त रहेका बिद्यालय संख्या ३२ वटा रहेका छन्। त्यसैगरी ४७ वटा बिद्यालयहरु मध्ये २७ वटामा खानेपानी, शौचालय र केटा र केटीका लागि अलग अलग शौचालयको सुबिधा पर्याप्त रहेको छ भने २०

वटा बिद्यालयहरुमा अपर्याप्त रहेको छ। त्यसैगरी ४ वटा बिद्यालयहरुमा महिनावारी स्वच्छता ब्यबस्थापन सुबिधा उपलब्ध रहेको छ भने ९ वटामा अपर्याप्त र ३४ वटा बिद्यालयहरुमा महिनावारी स्वच्छता ब्यबस्थापनको सुबिधा उपलब्ध नरहेको देखिन्छ। यसका साथै ७ वटा बिद्यालयहरुमा अपांगतामैत्री खानेपानी तथा सरसफाइ संरचनाहरुको निर्माण भएको छ भने ४० वटा बिद्यालयहरुमा अपांगतामैत्री संरचनाहरुको सुबिधा रहेको छैन।

### ५.१.६. छात्रवृत्ति तथा अन्य लक्षित सुबिधा उपलब्धताको अवस्था

मार्मा गाउँपालिकाले बिद्यालय स्तरका बालिकाहरुको शिक्षामा पहुँच अभिवृद्धिका लागि गरिब, जेहेन्दार छात्रवृत्ति उपलब्ध गराई रहेको छ। यसका साथै नेपाल सरकारले उपलब्ध गराउंदै आइरहेको दलित बालबालिकाहरुलाई पोषणभत्तालाई निरन्तरता दिंदै आइरहेको छ। छात्रवृत्ति पाउने बिद्यार्थीहरुको विवरण तलको तालिका-४१ मा उल्लेख गरिएको छ।

**तालिका- ४१ः छात्रवृत्ति प्रासगर्ने बालबालिकाहरुको विवरण**

| वडा नं | छात्रवृत्तिको किसिम अनुसार संख्या | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दलित | | अपांगता | | बिपन्न | | जेहेन्दार | | अन्य | | जम्मा |
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | |
| १ | ४३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ४९५ | ५३८ |
| २ | ३६ | ० | ० | ० | ० | ० | ० | ० | ० | २११ | २४७ |
| ३ | ६२ | ० | ० | ० | ० | ० | ० | ० | ० | ३७१ | ४३३ |
| ४ | २२ | ० | ० | ० | ० | ० | ० | ० | ० | ३११ | ३३३ |
| ५ | २५ | ० | ० | ० | ० | ० | ० | ० | ० | २८० | ३०५ |
| ६ | ७ | ० | ० | ० | ० | ० | ० | ० | ० | २४१ | २४८ |
| जम्माः | १९५ | ० | ० | ० | ० | ० | ० | ० | ० | १९०९ | २१०४ |

*श्रोतः सँस्थागत सर्वेक्षण, २०७९*

छात्रवृत्ति बाहेक नेपाल सरकारले बिद्यालय भर्नादर बढाउन तथा बालबालिकाहरुको पोषण अवस्थामा सुधार ल्याई बालबालिकाहरुको मानसिक र शारीरिक बिकासमा सहयोग पुरयाउने उद्देश्यले बिद्यालयहरुमा दिवा खाजा कार्यक्रम संचालन गरिरहेको छ। यस मार्मा गाउँपालिकामा जम्मा ४६ वटा बिद्यालयहरुमा दिवाखाजा कार्यक्रम संचालन भएको छ। दिवा खाजा पाउने बिद्यार्थीहरुको कूल संख्या ३३८४ रहेको छ जसमध्ये छात्र ४९% र छात्रा ५१% रहेका छन्। वडागत अनुसार सबैभन्दा बढी दिवाखाजा पाउने बिद्यालय र बिधार्थी संख्या वडा नं. १ मा १० वटा बिद्यालयका ९०९ जना बालबालिकाहरु रहेका छन् भने सबैभन्दा कम वडा नं. २ मा ४ वटा बिद्यालय र ३९५ बालबालिकाहरु रहेका छन्। यस सम्बन्धि वडागत विवरण तालिका-४२ मा प्रस्तुत गरिएको छ, भने बिद्यालाय्हरुको नामावली विवरण अनुसूची ६ मा उल्लेख गरिएको छ।

तालिका- ४२: वडा अनुसार दिवाखाजा पाउने बिद्यालय र बालबालिकाहरुको विवरण

| वडा नं | दिवाखाजा कार्यक्रम संचालित बिद्यालय संख्या | दिवाखाजा पाउने बालबालिका संख्या | | |
|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा |
| १ | १० | ४३२ | ४७७ | ९०९ |
| २ | ४ | २०७ | १८८ | ३९५ |
| ३ | ८ | ३२६ | ३३७ | ६६३ |
| ४ | ९ | २५० | २२९ | ४७९ |
| ५ | ६ | २०९ | १९१ | ४०० |
| ६ | ९ | २३७ | ३०१ | ५३८ |
| जम्मा: | ४६ | १६६१ | १७२३ | ३३८४ |

*श्रोत: सँस्थागत सर्वेक्षण, २०७९*

### ५.१.७. नमुना तथा इन्टरनेट सुबिधा उपलब्ध बिद्यालयको विवरण

यस मार्मा गाउँपालिकामा नमुना बिद्यालय घोषणा भएको छैन तर तीनतारे बिद्यालय २ वटा घोषणा भएका छन् | भने लटिनाथ मा.बि. रस्कोट बाहेक अन्य बिद्यालयहरुमा इन्टरनेट सुबिधा उपलब्ध रहेको छैन।

### ५.१.८. स्थानीय सरकारको शिक्षा क्षेत्रमा लगानी

नेपालमा संघीयताको कार्यान्वयन पछी माध्यमिक तहसम्मका बिद्यालयहरुको ब्यबस्थापनको जिम्मेवारी स्थानीय सरकारलाई दिइएको छ।त्यसकारण शिक्षा क्षेत्रमा स्थानीय सरकारले लगानी गर्ने र त्यो लगानी अनुसारको प्रतिफल समेत मापन गर्नुपर्ने हुन्छ।

यस मार्मा गाउँपालिकाले पनि शिक्षा क्षेत्रको गुणस्तर सुधारका लागि संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त हुने अनुदानका साथै गाउँपालिकाले आन्तरिक आयश्रोतबाट समेत शिक्षाक्षेत्रमा लगानी गर्दै आइरहेको छ।आर्थिक बर्ष २०७८/०७९ को तथ्यांक अनुसार गाउँपालिकाको कूल विनियोजित बजेट रु.२१ करोड ३३ लाख २८ हजार मध्ये शिक्षाक्षेत्रका लागि ३४.८% रकम बिनियोजन गरिएको छ।

## ५.२. स्वास्थ्य तथा पोषण

### ५.२.१. स्वास्थ्य संस्थाहरुको विवरण

यस मार्मा गाउँपालिकामा ८ वटा स्वास्थ्य संस्थाहरु रहेका छन्।यस गाउँपालिकामा अस्पताल भने नरहेकोले जटिल रोगहरुको निदान र बिशेषज्ञ सेवाका लागि भने गोकुलेश्वर, खलंगा वा जिल्ला बाहिर जानुपर्ने अवस्था रहेको छ।संस्थागत सर्वेक्षणबाट प्राप्त तथ्यांक अनुसार यस गाउँपालिकामा आधारभुत सुबिधा सहितको स्वास्थ्य संस्था १ वटा, स्वास्थ्य संस्था ७ वटा र ति ७ वटै स्वास्थ्य संस्थाहरुमा प्रसुती सेवा समेत उपलब्ध हुने गरेको छ।

### ५.२.२. स्वास्थ्य संस्थामा उपलब्ध तथा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मीहरुको विवरण

यस मार्मा गाउँपालिकामा रहेका ८ वटै स्वास्थ्य संस्थाहरुमा गरि जम्मा ४५ जना कर्मचारीहरु सेवा प्रबाह गर्दै आइरहेका छन्। हाल यस गाउँपालिकामा १ जना (एमबिबिएस) चिकित्सक समेत कार्यरत रहेको हुँदा स्थानीय बासिन्दाहरुलाई सामान्य रोगहरुको चेकजाँचको लागि टाढा जानुपर्ने समस्या समाधान भएको छ। यस गाउँपालिकाका स्वास्थ्य संस्थामा उपलब्ध तथा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मीहरु र महिला स्वयं सेविकाहरुको विवरण तलको तालिका-४३ मा प्रस्तुत गरिएको छ।

**तालिका- ४३ः गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्यकर्मीहरुको विवरण**

| क्र.स. | कार्यरत स्वास्थ्यकर्मीहरुको विवरण | इकाई | संख्या | आधार बर्ष | हालको अवस्था वा संख्या |
|---|---|---|---|---|---|
| १ | स्थानीय तहमा कार्यरत चिकित्सक -एमबीबीएस | संख्या | १ | ०७८/०७९ | १ |
| २ | स्टाफ नर्स | संख्या | २ | ०७८/०७९ | २ |
| ३ | हेल्थ असिस्टेन्ट | संख्या | ४ | ०७८/०७९ | ४ |
| ४ | अ.न.मि. | संख्या | २१ | ०७८/०७९ | २१ |
| ५ | अहेव | संख्या | १७ | ०७८/०७९ | १७ |
| ६ | महिला स्वास्थ्य स्वयं सेविका | संख्या | ४० | ०७८/०७९ | ४० |

### ५.२.३. प्राथमिक स्वास्थ्य सेवा पहुँचको अवस्था (प्रमुख बस्तीहरुबाट पुग्न लाग्ने समय)

यस मार्मा गाउँपालिकाका सबै वडाहरुमा प्राथमिक स्वास्थ्य सेवा पुगेको छ। सबै वडाहरुमा स्वास्थ्य संस्थाहरुको स्थापना भएको हुँदा वडाका बस्तीहरुबाट स्वास्थ्य संस्थासम्म पुग्न बढीमा २ घण्टासम्म लाग्ने गरेको देखिन्छ। बिशेषगरि प्रत्येक वडाका स्वास्थ्य संस्थाहरुमा सुरक्षित प्रसुती सेवा सुचारु भएको हुँदा जटिल समस्या बाहेक अन्य सेवाहरु वडामा स्थापना भएको स्वास्थ्य संस्था बाट नै उपलब्ध भैरहेका छन्। सबैभन्दा टाढाको बस्ती र वडाको स्वास्थ्य संस्थासम्म पुग्न लाग्ने समयको विवरण तालिका-४४ मा उल्लेख गरिएको छ।

**तालिका- ४४ः सबैभन्दा टाढाको बस्ती र स्वास्थ्य संस्था सम्म पुग्न लाग्ने समय**

| वडा नं | स्वास्थ्य संस्था रहेको स्थान | सबैभन्दा टाढाको बस्तीहरुको नाम | स्वास्थ्य संस्थासम्म पुग्न लाग्ने समय र दुरी |
|---|---|---|---|
| १ | घोल्जर बस्ति | लोय कोल्लार, तोलिमांडौ | १.५ घण्टा |
| २ | घट्टेगाड | थला (ठुल थला, नानथला,) | २ घण्टा |
| ३ | च्युरानी | दुनि, बग्जेबला | २ घण्टा |
| ४ | तपोवन | घोड़ेधार, थाम | १.५ घण्टा |
| ५ | गोल्फा | जन्नी गाउँ | १ घण्टा |
| ६ | निम्ठा | शेरी | १.५ घण्टा |

### ५.२.४. उपलब्ध स्वास्थ्य सेवा तथा सुबिधाहरु

यस मार्मा गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरुले स्थानीय बासिन्दाहरुलाई बिरामी चेकजांच सेवाका साथै महिलाहरुलाई सुरक्षित प्रसुती सेवा उपलब्ध गराई रहेका छन्।हाल १ वटा स्वास्थ्य संस्थामा चिकित्सक कार्यरत रहे पश्चात उपलब्ध उपकरणको आधारमा सामान्य शल्यक्रिया सेवा समेत उपलब्ध गराउदै आएका छन्। यसका अतिरिक्त भिडियो एक्सरे सेवा, औषधि वितरण, खोप सेवाका साथै स्वास्थ्य सम्बन्धि जनचेतना अभिवृद्धि तथा परामर्श जस्ता सेवाहरु निरन्तर रुपमा उपलब्ध गराई रहेका छन्।महिला स्वास्थ्य स्वयं सेविका मार्फत सुत्केरी तथा नवजात शिशु स्याहार, पोषण सम्बन्धि सेवा समेत उपलब्ध गराउदछन्।

यि माथि उल्लेखित सेवा बाहेक गाउँघर क्लिनिक सेवा, स्वास्थ्य उपचार घुम्ती सेवा र जिल्ला वा जिल्ला बाहिरका अस्पताल र बिशेषज्ञहरु संग समन्वय गरि विभिन्न रोगहरुको निदान र शल्यक्रियाका लागि घुम्ती शिविर सेवा समेत उपलब्ध गराउदै आएका छन्।

### ५.२.५. खोपसेवा तथा सुरक्षित मातृत्व सेवा सम्बन्धि विवरण

मार्मा गाउँपालिकामा ५ बर्षमुनिका कूल बालबालिका संख्या १९०८ मध्ये ९५% बालबालिकाहरुलाई सबै खोप नियमित रुपमा लगाइएको छ भने ५% बालबालिकाहरुले नियमित खोप पाएका छैनन।गाउँपालिकाको ५ बर्षमुनिका बालबालिकाहरुमा खोप सेवा उपलब्धताको सारांश विवरण ग्राफ-१४ मा प्रस्तुत गरिएको छ भने वडागत रुपमा नियमित खोप पाएका र नपाएका बालबालिकाहरुको संख्यात्मक विवरण तालिका-४५ मा प्रस्तुत गरिएको छ।




**ग्राफ- १४: ५ बर्षमुनिका बालबालिकाहरुमा खोप सेवा**

**तालिका- ४५: वडा अनुसार ५ बर्षमुनिका बालबालिकाहरुलाई खोप सेवा विवरण**

| वडा नं | ५ बर्षमुनिका बालबालिका संख्या | | जम्मा |
|---|---|---|---|
| | नियमित सबै खोप लगाएका | नियमित सबै खोप नलगाएका | |
| १ | ४६४ | १२ | ४७६ |
| २ | २३३ | ८ | २४१ |

| | | | |
|---|---|---|---|
| ३ | २४२ | ३१ | २७३ |
| ४ | २८१ | ११ | २९२ |
| ५ | ३६८ | ११ | ३७९ |
| ६ | २२४ | २३ | २४७ |
| जम्मा: | **१८१२** | **९६** | **१९०८** |
| **%** | **९५%** | **५%** | |

स्वास्थ्य सम्बन्धि अन्य स्थिति भन्दा यस गाउँपालिकाको खोपसेवाको बिस्तार सन्तोषजनक रहेको देखिन्छ। १ वर्ष मुनि उमेरका बच्चाहरु मध्ये बिसिजि खोप लगाउनेको संख्या सत्प्रतिशतदेखिएको छ भने पहिलो, दोश्रो र तेश्रो गरि पोलियो खोप लगायौनेको संख्या ९५% भन्दा बढी रहेको देखिन्छ। टि.टि खोप लगाउने प्रजनन उमेरका महिलाहरुको संख्या पनि ९०% भन्दा बढी रहेको देखिन्छ।

यसै गरि सुरक्षित मातृत्व सेवा अन्तर्गत गाउँपालिका भित्रका गर्भवती महिलाहरुले पुर्ब प्रसुती चेकजाँच र गर्भवती पश्चातको चेकजाँच पनि अधिकांश महिलाहरुले गराउने गरेका छन्। त्यसका साथै गर्भवती महिलाहरुलाई आमा र बच्चाको सुरक्षा सम्बन्धि परामर्श, पोषण सम्बधि जानकारी स्वास्थ्य संस्थाहरुबाट उपलब्ध हुँदै आइरहेको छ।

### ५.२.६. प्रमुख रोगहरु र उपचार सम्बन्धि विवरण

यस गाउँपालिकामा विभिन्न समयमा आउने सरुवा तथा नसर्ने रोगको जनस्वास्थ्यमा प्रभाव रहने गरेको छ। कतिपय रोगहरुको स्थानीय स्वास्थ्य संस्थामै उपचार हुने गरेको छ भने जटिल समस्या देखिएको अवस्थामा स्वास्थ्य संस्थाहरुले अन्यत्र रेफर गर्ने गरेका छन्। स्वास्थ्यको तथ्यांकलाई हेर्दा रोगहरु र विरामीको गतवर्षको तथ्यांक देहाय बमोजिम तालिका-४६ मा प्रस्तुत गरिएको छ।

**तालिका- ४६: गाउँपालिका भित्र देखिएका प्रमुख रोगहरु र उपचार सम्बन्धि विवरण**

| क्र.स. | रोगको नाम | बिरामी संख्या | उपचारगरि निको भएका संख्या | रेफर गरिएको संख्या | फलोअप गरिरहेको संख्या | मृत्यु भएका संख्या |
|---|---|---|---|---|---|---|
| १ | निमोनिया | २९४ | २९४ | ० | ० | ० |
| २ | झाडापखाला | ३४८ | ३४८ | ० | ० | ० |
| ३ | क्षयरोग (टि.बी.) | २१ | २१ | ० | ० | ० |
| ६ | कुष्टरोग | २ | २ | ० | ० | ० |
| ७ | रक्तचाप | ७८ | ७८ | १ | निरन्तर फलोअप | |
| ८ | मुटुरोग | ७ | ७ | ७ | निरन्तर फलोअप | |
| ९ | एचआईभी एड्स | १ | १ | १ | १ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | क्यान्सर | ३ | ३ | ३ | निरन्तर फलोअप | |
| ११ | मिर्गौला सम्बन्धि रोग | १४ | १४ | १४ | ४ | |
| १२ | प्रसुतीजन्य रोग | १४ | | १ | निरन्तर फलोअप | |
| १३ | कोभिड-१९ | ३४ | ३४ | | | |
| १४ | दम (स्वासप्रस्वास) | १९० | | ० | निरन्तर फलोअप | |
| १५ | प्यारालाइसिस | ० | | ० | ० | |
| १६ | अत्ति कुपोषण | १४ | | १४ | निरन्तर फलोअप | |
| १७ | अन्य | ९८/७ | | ३ | निरन्तर फलोअप | |

माथिको तालिका अनुसार यस गाउँपालिकामा निमोनिया, झाडापखाला, दम (स्वासप्रस्वास), रक्तचाप, मिर्गौला सम्बन्धि रोगहरु अत्यधिक मात्रामा देखिएका छन्। रोगहरुको प्रकृतिहेरी जटिलखालका समस्या र प्राणघातक रोग लागेका बिरामीहरुलाई थप उपचारका लागि गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरुले अन्यत्र सिफारिस गर्ने गरेको छ भने स्थानीय स्वास्थ्य बाटै उपलब्ध हुने स्वास्थ्य सेवाका लागि पालिका भित्रै उपचार गर्ने गरिएको छ।

### ५.२.७. स्वास्थ्य बिमा सम्बन्धि विवरण

यस गाउँपालिकामा रहेका कूल २८०३ घरपरिवार मध्ये ८७ (३%) ले मात्रै परिवारका सदस्यहरुले स्वास्थ्य बिमा गरेका छन् भने बाँकी २७१६ (९७%) घरपरिवारले स्वास्थ्य बिमा गरेको देखिएन। त्यसैगरी वडागत विवरण हेर्दा वडा नं ४ मा कुनै परिवारको पनि स्वास्थ्य बिमा गरेको देखिएन भने वडा नं १ मा एउटा परिवारले मात्रै स्वास्थ्य बिमा गरेको छ। वडा अनुसार स्वास्थ्य बिमा गरेका र नगरेका घरपरिवारको विवरण तालिका-४७ मा उल्लेख गरिएको छ।

**तालिका- ४७: वडा अनुसार स्वास्थ्य बिमा गरेका र नगरेका घरपरिवारहरुको विवरण**

| वडा नं | परिवारको स्वास्थ्य बिमा |
|---|---|
| १ | १ |
| २ | २९ |
| ३ | १८ |
| ४ | ० |
| ५ | १० |
| ६ | २९ |
| जम्मा: | **८७** |
| **%** | **३%** |

### ५.२.८. बिरामी हुँदा उपचार गराउन जाने ठाउं र उपचारमा हुने बार्षिक खर्च (लगभग)

यस मार्मा गाउँपालिकाका बासिन्दाहरु बिरामी हुँदा अधिकांश जसो बिरामीहरु गाउँपालिका भित्रै रहेका स्वास्थ्य चौकीमा जाने गरेका छन्। घरधुरी सर्वेक्षण अनुसार करिब ९१% घरधुरीहरुले सबैभन्दा पहिले बिरामी हुँदा स्वास्थ्य चौकी जाने गरेको भन्ने देखिन्छ भने ७७% घरधुरीहरु स्वास्थ्य चौकी संगै प्राइभेट मेडिकलमा पनि जाने गरेको देखिन्छ। उपचारको लागि जिल्ला अस्पताल जाने ५२% देखिन्छन भने जिल्ला बाहिर जाने गरेको ४७% रहेका छन्। त्यसैगरि ३८% धामीझाक्री कहाँ जाने गरेको, २७% गाउँमै बैद्य कहाँ जाने गरेको र १६% ले मात्रै आयुर्वेदिक केन्द्रमा जाने गरेको जानकारी दिएका छन्। त्यसै औसतमा लगभग ८ करोड २७ लाख जति उपचारमा खर्चहुने गरेको देखिएको छ। यसको वडागत विवरण तालिका-४८ मा प्रस्तुत गरिएको छ।

**तालिका- ४८: बिरामी हुँदा उपचार गराउन जाने गरेको ठाउं र बार्षिक उपचारमा हुने अन्दाजी खर्च विवरण**

| वडा नं | बिरामीहुँदा उपचार गराउन जाने ठाउं (संख्या) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | स्वास्थ्य चौकी | जिल्ला अस्पताल | प्राइभेट मेडिकल | जिल्ला बाहिर | धामीझाक्री | गाउँमा बैद्य | आयुर्वेदिक केन्द्र | कतै नजाने | उपचारमा हुने बार्षिक खर्च रु.(हजार) |
| १ | ५२८ | ३५१ | ५७३ | ४५८ | ६१२ | ५९३ | ६६ | ० | २९९६० |
| २ | ३९२ | ३६८ | ३६८ | ३६८ | ३६८ | ८९ | ४४ | ० | २०७६७ |
| ३ | ३७२ | ११८ | ६८ | ३१९ | ६२ | ५८ | ३०४ | ० | ९६८८।७ |
| ४ | ४७३ | ४५५ | ४१९ | १०२ | ३० | ८ | ७ | ० | १२३६१।८ |
| ५ | ३४२ | १४२ | २८७ | ३३ | ३ | २ | २८ | ० | ७३५७।५ |
| ६ | ४३८ | १९ | ४३२ | २६ | ० | ० | ० | ० | २६५६ |
| **जम्मा:** | **२५४५** | **१४५३** | **२१४७** | **१३०६** | **१०७५** | **७५०** | **४४९** | **०** | **८२७९१** |
| % | ९१% | ५२% | ७७% | ४७% | ३८% | २७% | १६% | | |

*श्रोतः घरधुरी सर्वेक्षण, २०७९*

## ५.३. खानेपानी तथा सरसफाइ

### ५.३.१. खानेपानी सुबिधाको अवस्था

यस मार्मा गाउँपालिकाको कूल २,८०३ घरपरिवार मध्ये सबै परिवारमा पाइपबाट वितरित खानेपानीको पहुँच पुगेको देखिदैन। पाइपको धारा भएको पानीमा पहुँच कुल परिवार मध्ये ९२ प्रतिशत परिवारहरुको मात्र खानेपानी सेवा पुगेको देखिन्छ। अझै पनि करिब ८% घरधुरी पाईप खानेपानीको पहुचबाट टाडा रहेको यस गाउँपालिकाको घरधुरी सर्वेक्षण २०७९ ले देखाएको छ। एकपटक सबै घरधुरीहरुमा पाइपबाट वितरित धाराको पानी उपलब्ध भएता पनि उचित मर्मत सम्भार तथा ब्यबस्थापन नभएकोले हाल करिब ८% घरधुरीहरु सुरक्षित खानेपानी सेवाबाट टाढा रहेका छन्। त्यसको लागि गाउँपालिकाले योजनाहरुको दिगोपनका लागि अझै रणनीतिहरु तयार गरि कार्यान्वयनमा ल्याउनु पर्ने देखिन्छ। हाल

गाउँपालिका भरिमा निर्मित खानेपानी योजना संख्या र वडा अनुसार खानेपानी सेवामा पहुँच भएका र नभएका घरधुरीहरुको विवरण तालिका-४९ मा उल्लेख गरिएको छ।

**तालिका- ४९: वडा अनुसार खानेपानी सेवामा पहुँचको अवस्था**

| वडा नं | योजना संख्या | लाभान्वित घरधुरी संख्या | वडाको जम्मा घरधुरी | खानेपानि सेवा नपुगेका घरधुरी संख्या |
|---|---|---|---|---|
| १ | १६ | ६१२ | ६६४ | ५२ |
| २ | ७ | ३७८ | ४२८ | ५० |
| ३ | १३ | ४१९ | ४३४ | १५ |
| ४ | १० | ४६० | ४९५ | ३५ |
| ५ | ८ | ३०५ | ३४२ | ३७ |
| ६ | १८ | ३९६ | ४४० | ४४ |
| जम्मा : | ७२ | २५७० | २८०३ | २३३ |
| % | | ९२% | | ८% |

*श्रोतः NWASH २०७९*

## ५.३.२. खानेपानीका श्रोतहरुको विवरण

गाउँपालिकामा हाल प्रयोगमा रहेका तथा भविष्यमा प्रयोग हुनसक्ने जलस्रोतको अवस्थाको विश्लेषण गर्दा यस मार्मा गाउँपालिकामा जम्मा ३२२ वटा पानीका स्रोतहरु उपलब्ध रहेका छन्। उक्त श्रोतहरु मध्ये २८८ वटा मूल र ३४ वटा नदि/खोला रहेका छन्। अवस्थित पानीका श्रोत संख्याको आधारमा सबैभन्दा बढी पानीका श्रोतहरु वडा नं १ मा र सबैभन्दा कम श्रोत वडा नं ५ मा रहेका छन्। गाउँपालिकामा रहेका पानीका श्रोतहरुको वडा र प्रकारको आधारमा विवरण तालिका-५० मा दिइएको छ।

**तालिका- ५०: वडा अनुसार पानीका श्रोतहरुको विवरण**

| श्रोतको प्रकार | वडा नं | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | |
| खोला/नदि | १ | ७ | ० | ८ | ११ | ७ | ३४ |
| मूल (ढुंगेधारा/नाउला) | ९० | ४१ | ४६ | ४२ | २३ | ४६ | २८८ |
| **जम्मा :** | **९१** | **४८** | **४६** | **५०** | **३४** | **५३** | **३२२** |

*श्रोतः मार्मा गाउँपालिकाको जलउपयोग गुरुयोजना, २०७६*

## ५.३.३. शौचालय प्रयोगको अवस्था

यस मार्मा गाउँपालिकाका सबै वडाहरु बिगतमा गा.बि.स. हुँदा खुल्ला दिशामुक्त घोषणा भैसकेको भएता पनि ति शौचालयहरुको मर्मत सम्भार नहुँदा केहि शौचालयहरु बिग्रेभत्केको अवस्थामा रहेका

छन्। एकपटक गाउँपालिकाका सबै घरधुरीहरुमा शौचालय निर्माण भैसकेको भएता पनि हाल घरधुरी सर्वेक्षण गर्दा गाउँपालिकाको कूल घरधुरी मध्ये ७९(३%) घरमा शौचालय नभएको अवस्था छ। बिगतमा खाल्डेचर्पीको संख्या अत्यधिक भएतापनि हाल पक्कि शौचालयको संख्या भने बढ्दै गईरहेको छ। सर्वेक्षण अनुसार हाल कूल घरधुरी मध्ये २३२३(८३%) घरधुरीहरुमा पक्कि चर्पी रहेको छ भने ४०१(१४%) घरधुरीहरुमा खाल्डे चर्पी रहेको छ। वडा अनुसार शौचालयको विवरण तालिका-५१ मा प्रस्तुत गरिएको छ।

**तालिका- ५१: वडा अनुसार शौचालयको उपलब्धता (घरधुरी)**

| वडा नं | शौचालय प्रयोग गर्ने घरधुरी संख्या | | | |
|---|---|---|---|---|
| | शौचालय नभएको | पक्कि शौचालय भएको | खाल्डे शौचालय भएको | जम्मा |
| १ | १२ | ४५१ | २०१ | ६६४ |
| २ | ३५ | ३५४ | ३९ | ४२८ |
| ३ | २ | ३८९ | ४३ | ४३४ |
| ४ | २५ | ४०३ | ६७ | ४९५ |
| ५ | ० | ३४२ | ० | ३४२ |
| ६ | ५ | ३८४ | ५१ | ४४० |
| जम्मा: | ७९ | २३२३ | ४०१ | २८०३ |
| % | ३% | ८३% | १४% | |

*श्रोतः घरधुरी सर्वेक्षण, २०७९*

## ५.३.४. सार्बजनिक शौचालय

यस गाउँपालिकामा सडकमार्गबाट यातायातको सहज पहुँच भएसंगै मानिसहरुको आवतजावत पनि बढ्दै गइरहेको छ। जसले गर्दा मूख्य बजार क्षेत्रहरु जस्तै; लटिनाथ, बिटुले, पारिबगर, मर्मती र सेलबिसा जस्ता ठाउँहरुमा सार्वजनिक शौचालयहरुको एकदमै आवश्यकता रहेको छ। हाल गाउँपालिकाको लटिनाथमा मात्रै एउटा सार्बजनिक शौचालय रहेको छ भने सो शौचालयको पनि मर्मत सम्भार र ब्यबस्थापन राम्रो नरहेको अवस्था छ।

## ५.३.५. फोहोरमैला ब्यबस्थापन

यस गाउँपालिकाको सरसफाइको अवस्था विश्लेषण गर्दा कूल घरधुरी मध्ये करिब ७०% घरधुरीहरुले घरआगनको फोहोर संकलन गरि खाडलमा राख्ने गरेको भन्ने देखिएको छ। करिब २०% घरधुरीहरुले संकलन गरेको फोहोर जलाउने गरेको, ९% घरधुरीहरुले आगन वा बारीमै फाल्ने गरेको र केहि घरधुरीहरुले घरआगनको फोहोर संकलन गरेर नदि वा खोलामा फाल्ने गरेको देखिएको छ। यसका

अतिरिक्त करिब २८% घरधुरीहरुले साबुनपानीले हात धुने गरेको र ५% घरधुरीहरुले गोठेमल ब्यबस्थापन गरेको देखिएको छ।

हाल गाउँपालिकामा यातातात बढेसंगै मानिसहरुको आवतजावत बढेको र गाउँपालिकाका सडक वरिपरिका स्थानहरुमा ठोस तथा तरल फोहोर पदार्थहरु बढ्दै गईरहेको हुँदा उपयुक्त स्थानहरुमा डम्पिंग साइट वा ल्याण्डफिल साइट निर्माण गर्नुपर्ने देखिन्छ।समग्रमा घरधुरी स्तरको सरसफाइको अवस्था सम्बन्धि विवरण तालिका-५२ मा प्रस्तुत गरिएको छ।

**तालिका- ५२: वडा अनुसार घरायसी सरसफाइको अवस्था**

| वडा नं | घरआगनको फोहोरमैला ब्यबस्थापन (घरधुरी संख्या) | | | | |
|---|---|---|---|---|---|
| | खाल्डोमा जम्मा गर्ने | संकलन गरेर जलाउने | आगन वा बारीमा फाल्ने | नदि वा खोलामा फाल्ने | जम्मा |
| १ | ३६० | २३२ | ७२ | ० | ६६४ |
| २ | २७३ | ७४ | ८१ | ० | ४२८ |
| ३ | ३०९ | ४९ | ६४ | १२ | ४३४ |
| ४ | ४१४ | २१ | ४६ | १४ | ४९५ |
| ५ | २८५ | ५२ | ० | ५ | ३४२ |
| ६ | ३१७ | १२३ | ० | ० | ४४० |
| जम्मा: | **१९५८** | **५५१** | **२६३** | **३१** | **२८०३** |
| % | ७०% | २०% | ९% | १% | |

*श्रोत: घरधुरी सर्वेक्षण, २०७९*

## ५.४. महिला, बालबालिका तथा सामाजिक समावेशीकरण

### ५.४.१. लिंग अनुसार बालविवाह (१८ बर्ष मुनिका)

नेपाल सरकारले विवाहका लागि योग्य उमेर महिलाका लागि १८ वर्ष र पुरुषको उमेर २० बर्ष तोकेपनि अझै नेपालमा बार्षिक कूल बिबाहित जोडीमध्ये करिब ३३% बालबिबाह हुने गरेको छ।नेपालका अन्य भागहरुमा जस्तै मार्मा गाउँपालिकामा पनि पहिलेको तुलनामा केहि हदसम्म परिबर्तन भएतापनि अझै बालबिबाह हुने गरेको छ।पहिले पहिले बालबिवाह मागी बिवाहमा बढी हुने गरेको थियो भने पछिल्लो केहि समययता केटा केटीहरुले आफु खुशी उमेर नपुग्दै बिबाह गर्ने गरेको बढी देखिन्छ।सामाजिक संजालहरुको दुरुपयोग, देखासिखी तथा अन्य सामाजिक रितिरिवाज, जातीय भेदभावका कारणले अविभावकहरुको स्वीकृति नपाउने डरले उमेर नपुग्दै बिवाह गर्ने किशोरकिशोरीहरुको संख्या पनि धेरै रहेको छ। यस मार्मा गाउँपालिकाको बालबिवाहको तथ्यांक हेर्दा

कूल १२७ जनाले बालबिबाह गरेका छन्। जसमध्ये १२१(९५%) महिला रहेका छन् भने ६(५%) पुरुष रहेका छन्। वडा अनुसार बालविवाह गर्नेहरुको संख्यात्मक विवरण तालिका-५३ मा दिइएको छ।

**तालिका- ५३: वडा अनुसार बालविवाह गर्नेहरुको संख्यात्मक विवरण**

| वडा नं | १८ बर्षमुनिका विवाहित | | जम्मा |
|---|---|---|---|
| | महिला | पुरुष | |
| १ | ४ | ० | ४ |
| २ | ० | ० | ० |
| ३ | ७ | ५ | १२ |
| ४ | ११० | ० | ११० |
| ५ | ० | ० | ० |
| ६ | ० | १ | १ |
| जम्माः | १२१ | ६ | १२७ |
| % | ९५% | ५% | |

*श्रोतः घरधुरी सर्वेक्षण, २०७९*

## ५.४.२. कामदारको रुपमा घरबाहिर रहेका बालबालिकाहरुको विवरण

परिवारको कमजोर आर्थिक स्थिति भएको कारणले अविभावकहरुलाई दैनिक गुजारा गर्न सहयोग पुरयाउन लगायत कतिपय अवस्थामा देखासिखी र पढेर केहि हुदैन भन्ने सोचाईका कारणले गर्दा बिद्यालय उमेरका कतिपय बालबालिकाहरु पढाई छोडेर कामदारको रुपमा घरबाहिर वा अन्य ठाउंमा गई मजदुरको रुपमा काम गर्ने गरेको देखिन्छ। यस मार्मा गाउँपालिकाका पनि करिब १८५ जना १६ बर्षमुनिका बालबालिकाहरु घरबाहिर रहेको सर्वेक्षणबाट देखिएको छ। अन्तर्राष्ट्रिय श्रम संगठन र नेपाल सरकारको नीति बमोजिम बालबालिकाहरुलाई कुनैपनि श्रममा प्रयोग गर्न नपाइने भएता पनि परिवारको आर्थिक स्थिति कमजोर हुँदा बालबालिकाहरु श्रमिकको रुपमा बाध्यहुने गरेका छन्। यस मार्मा गाउँपालिकाको वडागत तथ्यांक हेर्दा कूल घरबाट बाहिर रहेका श्रमिक बालबालिकाहरु मध्ये १०२ अर्थात् करिब ५५% बालबालिकाहरु वडा नं १ बाट रहेका छन् भने वडा नं ३,४ र ५ बाट कुनैपनी बालबालिकाहरु घरबाहिर रहेका छैन। त्यस्तै कामको प्रकृति अनुसार हेर्दा सबैभन्दा बढी खेतीपातीको काममा संलग्न रहेका छन् भने त्यसपछि घरेलु कामदारको रुपमा, पूर्वाधार निर्माण र होटेल/पसलमा रहेका छन्। यस सम्बन्धि विवरण तालिका-५४ मा उल्लेख गरिएको छ।

**तालिका- ५४: कामदारको रुपमा रहेका बालबालिकाहरुको वडागत विवरण**

| वडा नं | कामदारको रुपमा रहेका जाल्बालिकाहरु र कामको प्रकृति | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | घरेलु कामदार | पूर्वाधार निर्माण | होटेल पसल/ निजि उद्योग | खेतीपाती | अन्य | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | ० | ३ | ८ | ९१ | ० | १०२ |
| २ | ० | ० | ० | २३ | ० | २३ |
| ३ | ० | ० | ० | ० | ० | ० |
| ४ | ० | ० | ० | ० | ० | ० |
| ५ | ० | ० | ० | ० | ० | ० |
| ६ | ६० | ० | ० | ० | ० | ६० |
| जम्माः | ६० | ३ | ८ | ११४ | ० | १८५ |
| % | ३२.४% | १.६% | ४.३% | ६१% | 0% | 100% |

*श्रोतः घरधुरी सर्वेक्षण, २०७९*

### ५.४.३. अपांगताका आधारमा जनसंख्या

यस मार्मा गाउँपालिकामा कूल जनसंख्या मध्ये १४३(०.८%) जनामा कुनै न कुनै प्रकारको अपांगता रहेको छ। अपांगताको किसिम अनुसार हेर्दा शारीरिक अपांगता भएका ७६(५३.१%), दृष्टि सम्बन्धि अपांगता भएका २५(१७.५%), मानसिक अपांगता भएका २३(१६.१%), सुनाई सम्बन्धि अपांगता भएका १८(१२.६%), र अन्य १ (०.७%) जना रहेका छन्। त्यस्तै अपांगता भएका १४३ जना मध्ये १०१(७१%) जनाले अपांगता परिचय-पत्र प्राप्त गरेका छन् भने बाँकी ४२ (२९%) अपांगता भएका व्यक्तिहरुले अपांगता परिचय-पत्र पाएका छैनन। अपांगताको किसिम अनुसार संख्या र परिचय-पत्र प्राप्त गर्ने संख्या तालिका-५५ मा प्रस्तुत गरिएको छ।

**तालिका- ५५: अपांगता भएको जनसंख्या र परिचय-पत्र प्राप्त समबन्धि विवरण**

| वडा नं | अपांगता भएको जनसंख्या | | | | | | अपांगता परिचय पत्र प्राप्त गरेको संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | शारीरिक अपांगता | दृष्टि सम्बन्धि अपांगता | कान नसुन्ने वा सुनाइ संबन्धि अपांगता | मानसिक अपांगता | अन्य | जम्मा | रातो (क) | निलो (ख) | पहेंलो (ग) | सेतो (घ) | कार्ड नपाएका | जम्मा |
| १ | २२ | ५ | ८ | ४ | ० | ३९ | ४ | ५ | ६ | ४ | २० | ३९ |
| २ | १० | ३ | १ | ४ | ० | १८ | २ | ३ | ५ | ३ | ५ | १८ |
| ३ | १६ | ३ | १ | ३ | १ | २४ | १ | २ | ७ | १२ | २ | २४ |
| ४ | १३ | ४ | ४ | १ | ० | २२ | ३ | ३ | ८ | ४ | ४ | २२ |
| ५ | ६ | ६ | १ | २ | ० | १५ | १ | ० | ५ | २ | ७ | १५ |
| ६ | ९ | ४ | ३ | ९ | ० | २५ | २ | १ | ९ | ९ | ४ | २५ |
| जम्माः | ७६ | २५ | १८ | २३ | १ | १४३ | १३ | १४ | ४० | ३४ | ४२ | १४३ |
| % | ५३.१% | १७.५% | १२.६% | १६.१% | ०.७% | | ९.१% | ९.८% | १८% | २३.८% | २९.४% | |

*श्रोतः घरधुरी सर्वेक्षण, २०७९*

### ५.४.४. जेष्ठ नागरिक तथा एकल महिला




**ग्राफ- १५: उमेर अनुसार जेष्ठ नागरिकहरुको विवरण**

मार्मा गाउँपालिकामा ६० बर्ष माथिको जम्मा जनसंख्या १३७६ रहेको छ। जुन गाउँपालिकाको कूल जनसंख्याको करिब ८% रहेको छ। जेष्ठ नागरिकको कूल जनसंख्या मध्ये ६०-६९ वर्षसम्मको जनसंख्या ८२६ रहेको छ भने ७० बर्ष वा सो भन्दा माथिको जनसंख्या ५५० रहेको छ। लैंगिक आधारमा हेर्दा ६० देखि ६९ बर्षसम्म को महिला जनसंख्या ५०० र पुरुष जनसंख्या ३२६ रहेको छ भने ७० बर्ष वा सो भन्दा बढी उमेर समुहको महिला जनसंख्या ३०० रहेको छ भने पुरुष जनसंख्या २५० रहेको छ। जेष्ठ नागरिकहरुको गाउँपालिकाको सारांश विवरण ग्राफ-१५ मा उल्लेख गरिएको छ भने वडा अनुसार जेष्ठ नागरिकहरुको विवरण तालिका-५६ मा उल्लेख गरिएको छ।

त्यसैगरि एकल महिला तथा पुरुष र बिधवा तथा बिदुर महिलाहरुको संख्या ५४१ रहेको छ जसमध्ये एकल महिला/पुरुष (बिवाह नगरेको) ३६ जना रहेका छन् भने बिवाह गरेको तर हाल बिधवा तथा बिदुर भएको संख्या ५०५ रहेको छ।

**तालिका- ५६: वडा अनुसार जेष्ठ नागरिकहरुको संख्यात्मक विवरण**

| वडा नं | अपांगता भएको जनसंख्या | | | | | एकल महिला/पुरुष | | |
|---|---|---|---|---|---|---|---|---|
| | ६० बर्ष भन्दा माथिको महिला संख्या | ६० बर्ष भन्दा माथिको पुरुष संख्या | ७० बर्ष भन्दा माथिको महिला संख्या | ७० बर्ष भन्दा माथिको पुरुष संख्या | जम्मा | एकल महिला/पुरुष | बिधवा/बिदुर संख्या | जम्मा |
| १ | १२४ | ५० | ४८ | ५० | २७२ | ० | ९६ | ९६ |
| २ | ५१ | ६४ | ६६ | ४८ | २२९ | १ | ९९ | १०० |
| ३ | १०७ | ६५ | ५२ | ३९ | २६३ | २५ | ८६ | १११ |
| ४ | ५९ | २४ | ५७ | ५० | १९० | १ | ७५ | ७६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | ८४ | ५० | २९ | ३३ | १९६ | १ | ३७ | ३८ |
| ६ | ७५ | ७३ | ४८ | ३० | २२६ | ८ | ११२ | १२० |
| जम्मा: | ५०० | ३२६ | ३०० | २५० | १३७६ | ३६ | ५०५ | ५४१ |
| % | ३६.३ % | २३.७% | २१.८% | १८.२% | | ६.७% | ९३.३% | |

*श्रोतः घरधुरी सर्वेक्षण, २०७९*

### ५.४.५. बार्षिक कार्यक्रमबाट लक्षित कार्यक्रमको लागि बिनियोजन र खर्चको अवस्था

मार्मा गाउँपालिकाको आर्थिक बर्ष २०७८/०७९ अनुसार सामाजिक बिषयगत क्षेत्रका लागि कूल रकम रु. १२ करोड, ४७ लाख, ५० हजार बिनियोजन भएकोमा रु. ५ करोड, ६८ लाख, ४२ हजार ७ सय खर्च भएको देखिन्छ भने खर्च हुन बाँकी रकम पनि आर्थिक बर्षको अन्तसम्ममा खर्च हुने देखिन्छ।तर लैंगिक समानता तथा सामाजिक समावेशीकरणका लागि बिनियोजन गरिएको बजेट भने जम्मा ४० हजार मात्रै रहेको देखिन्छ।उक्त रकम तथ्यांक संकलन गरिएको समय भन्दा अगाडी नै खर्च भइसकेको छ।गाउँपालिकाको बार्षिक विनियोजित बजेट र खर्च रकम अचुसुची-२ मा दिइएको छ।

### ५.४.६. लैंगिक समानता तथा सामाजिक समावेशीकरणका प्रयासहरु

यस मार्मा गाउँपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशीकरणका लागि बिभिन्न प्रयासहरु भइरहेका छन्।घरधुरी सर्वेक्षणबाट प्राप्त तथ्यांक अनुसार गाउँपालिकाको कूल जनसंख्या १७२३७ मध्ये ८४४२ (४९%) महिला जनसंख्या रहेको छ।त्यसैले गाउँपालिकाको सामाजिक तथा आर्थिक बिकासका लागि लिंगको आधारमा महिला, जातको आधारमा दलित वा पिछडिएका जातजाति/समुदाय, शारीरिक आधारमा अपांगता भएका व्यक्तिहरु, उमेरको आधारमा बालबालिका र जेष्ठनागरिकहरुको सहभागिता अपरिहार्य रहेको छ।

बिशेषगरि सामाजिक, आर्थिक बिकासका लागि महिलाहरुको शिक्षा, सचेतना र सशक्तीकरण आवश्यक रहेको छ।यस मार्मा गाउँपालिकामा पनि महिला सशक्तीकरण र सामाजिक समावेशीकरणका लागि बिभिन्न प्रयासहरु भइरहेका छन्।आधार बर्ष २०७८/०७९ अनुसार सामजिक समावेशीकरणको अवस्था तालिका-५७ अनुसार रहेको छ।

**तालिका- ५७: गाउँपालिकामा समावेशीकरणका सूचकहरुको अवस्था**

| क्र.स. | सूचकहरु | संख्या/प्रतिशत | आधार बर्ष | कैफियत |
|---|---|---|---|---|
| १ | घरमुली महिला भएका घरधुरी संख्या | ३५ | २०७८/०७९ | |
| २ | महिलाको नाममा लालिपुर्जा भएका घरसंख्या | ९ जना | २०७८/०७९ | |
| ३ | बैंकमा खाता खोलेका महिला संख्या | ३२० | २०७८/०७९ | |
| ४ | महिला साक्षरता प्रतिशत | ८१% | २०७८/०७९ | |

| | | | | |
|---|---|---|---|---|
| ५ | उद्यम सम्बन्धि तालिम प्राप्त महिला संख्या | ७५ जना | २०७८/०७९ | ५ जना पुरुष |
| ६ | महिला उद्यमी संख्या | ७५ जना | २०७८/०७९ | ५ जना पुरुष |
| ७ | गत आ=व= सम्म वृद्धभत्ता पाउने संख्या | ८७१ | २०७८/०७९ | |
| ८ | बृद्धभत्ता पाउने जम्मा महिला संख्या | ५४७ | २०७८/०७९ | |
| ९ | एकलभत्ता पाउने महिला संख्या | २८२ | २०७८/०७९ | |
| ११ | अपांगता भत्ता पाउने संख्या | ८६ जाना | २०७८/०७९ | |

## ५.५. युवा तथा खेलकुद र मनोरंजन

खेल मैदान तथा पिकनिक क्षेत्र तर्फः लटिनाथ खेल मैदान, मडबगड खेल मैदान (तपोवन ), खेल मैदानका रुपमा रहेका छन भने पार्क तथा पिकनिक स्थलका रुपमा सल्लेबगड, घाट बगर ,नौगाड खोला क्षेत्र, घट्टे गाड खोला क्षेत्र औद्योगिक ग्राम स्थल लगायत परमचुला धाम क्षेत्र पिकनिक स्थल रहेका छन |

## ५.६. कला, भाषा र संस्कृति

### ५.६.१. प्रमुख धार्मिक तथा ऐतिहासिक स्थल

यस गाउँपालिकाका प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरुमा वडा नं ३ मा अवस्थित लटिनाथ मन्दिर वडा नं १ गुल्जरको दुर्गा भवानीको मन्दिर, वडा नं १ मा रहेको परमचुलीधाम, वडा नं ४ तपोवनमा रहेको तातोपानी क्षेत्र यस गाउँपालिकाका मुख्य धार्मिक एबं पर्यटकीय स्थलको रुपमा रहेका छन्।यि क्षेत्रहरुको ब्यबस्थापन र प्रचारप्रसार गर्न सकेको खण्डमा गाउँपालिकाको आर्थिक अवस्थामा समेत टेवापुग्ने देखिन्छ।वडा अनुसार धार्मिक र पर्यटकीय स्थलहरु तलको तालिका-**५८** मा उल्लेख गरिएको छ।

**तालिका- ५८ःवडा अनुसारका धार्मिक तथा पर्यटकीय स्थलहरुको विवरण**

| वडा नं | प्रमुख धार्मिक स्थलहरु (मठ/मन्दिरहरु) | प्रमुख पर्यटकीय स्थलहरु |
|---|---|---|
| १ | दुर्गा भवानी मन्दिर, | परम्चुली धाम, |
| २ | शेरिको क्वाकट्टे मन्दिर | |
| ३ | लटिनाथ बाबाको मन्दिर, मटेला मष्टा मन्दिर | लटिनाथ हाइड्रो पावर परियोजना साइट |
| ४ | तपोवन-तातोपानी क्षेत्र, | तपोवन-तातोपानी क्षेत्र, |
| ५ | | सितोला, गोल्फा होमस्टे |

### ५.६.२. स्थानीय चाडपर्व, जात्रा र मेलाको विवरण

**मुख्य चाडपर्ब**ः यस मार्मा गाउँपालिकामा बैशाख १ गते बिशुपर्ब, दशैं, तिहार, शिबरात्रि, गौरापर्ब, माघे संक्रान्ति, तीज आदि रहेकका छन्। यि चाडपर्बहरु गाउँपालिका भरि नै धुमधामका साथ मनाइने गर्दछन। यि चाडपर्बहरुले संस्कृति, चलन, मुल्य मान्यता लाई बचाई राख्न सहयोग पुरयाउने गर्दछ। साथै टाढा रहेका आफन्तजनहरु संग भेटघाटको अवसर सिर्जना गर्नुका साथै आपसी मेलमिलाप, सद्भाव कायम राख्न मद्दत पुरयाउंदछ। बिशेषगरि मेला/जात्राहरुमा स्थानीय देखि जिल्लाका अन्य ठाउँबाट पनि मानिसहरु मेला/जात्रा हेर्न आउने हुँदा स्थानीय बजारहरुमा ब्यापार ब्यबसाय बढ्ने हुँदा यस्ता चाडपर्बहरुले आर्थिक रुपमा पनि स्थानीय मानिसहरुलाई सहयोग पुग्ने हुन्छ। गाउँपालिकामा मनाइने मुख्य चाडपर्ब, जात्रा, मेलाहरुको विवरण तालिका-५९ मा दिइएको छ।

**तालिका- ५९ः स्थानीयस्तरमा मनाइने चाडपर्ब, मेला/जात्राहरुको विवरण**

| मनाइने चाडपर्व, जात्रा र मेला | स्थान | मनाउने समय | मूख्य बिशेषता (धार्मिक, ऐतिहासिक, मनोरंजन) | स्थानीय जनजीवन र आर्थिक गतिविधिमा पर्ने प्रभाव |
|---|---|---|---|---|
| बिशु पर्व (नयाँ बर्ष) | मार्मा १,४,५,६ | बैशाख १ गते नयाँ बर्षमा | नयाँ बर्ष मनोरंजन, भेटघाट, पुजाआजा | संस्कृति, चलन, भेषभूषाको संरक्षण र आपसी सम्बन्ध बढ्नुका साथै मानिसहरु जम्मा हुने हुँदा उक्तठाउमा ब्यापार बढ्ने |
| दशैं | मार्मा गाउँपालिका भरि | आश्विन/कार्तिक महिना | मनोरंजन, भेटघाट, पुजाआजा | स्थानीय बजारहरुमा किनमेल/ब्यापार बढ्ने |
| तिहार | मार्मा गाउँपालिका भरि | कार्तिक महिना | लक्ष्मी पुजा, भाइटिका | स्थानीय बजारहरुमा किनमेल/ब्यापार बढ्ने |
| शिवरात्री | मार्मा ३ | फाल्गुन महिना | मन्दिरहरुमा मेला लाग्ने | |
| लटिनाथ मन्दिर जात्रा | मार्मा ३ | आश्विन र चैत्र महिनामा | मन्दिरहरुमा मेला लाग्ने | स्थानीय बजारहरुमा किनमेल/ब्यापार बढ्ने |
| गौरा पर्व | मार्मा गाउँपालिका भरि | भाद्र महिना | मानिसहरुको जमघट/भेटघाट | स्थानीय बजारहरुमा किनमेल/ब्यापार बढ्ने |
| तिज | मार्मा गाउँपालिका भरि | भाद्र महिना | पुजाअजा, ब्रत, नाचगान | महिलाहरुका बिचमा भेटघाटबाट महिला सशक्तीकरण |

*श्रोतः संस्थागतसर्वेक्षण, २०७९*

## ५.७. शान्ती सुरक्षाको अवस्था

यस गाउँपालिकाको शान्ति सुरक्षाको अवस्था राम्रो रहेको देखिन्छ। दार्चुला जिल्लाकै अपिहिमाल गाउँपालिका, नौगाड गाउँपालिका, बैतडीको डिलासैनी गाउँपालिका संग जोडिएको यस गाउँपालिका भित्र बिभिन्न समयमा स-साना घटनाहरु हुने गरेको देखिएता पनि ठुला र जघन्य प्रकारका आपराधिक घटनाहरु भने हुने गरेका छैनन। बन पैदावार तथा बन्यजन्तु चोरी निकासी, मदिरा र जुवातासले गर्दा

सामान्य झैं-झगडा कहिलेकाँही हुने गरेको भयेपनी त्यस्ता घटनाहरु स्थानीय स्तरमै समाधान हुने गरेका छन्। हाल गाउँपालिकाको लाम्बगर क्षेत्रमा १ वटा ईलाका प्रहरी ईकाई रहेको छ। ठुला प्रकृतिका घटनाहरुका लागि जिलाको सदरमुकाम खलंगामा रहेको जिल्ला प्रहरी कार्यालय जाने गरेका छन्।

# परिच्छेद-६: वन तथा वातावरणीय स्थिति

## ६.१. वनक्षेत्रको अवस्था

### ६.१.१. वनक्षेत्र र प्रकार सम्बन्धि विवरण

यस मार्मा गाउँपालिकाको कुल भू-भाग २०,७५७.४४ हेक्टर मध्ये वनजंगलले ओगटेको क्षेत्रफल १२,४९३.२६ हेक्टर अर्थात् ६०.१९% रहेको छ। यस गाउँपालिकाका धेरैजसो वनक्षेत्र सामुदायिक वनको रुपमा रहेको छ भने केहि बनक्षेत्र अपिनाम्पा संरक्षण क्षेत्र भित्र पनि रहेको छ। यस गाउँपालिकामा जम्मा २४ वटा सामुदायिक वनहरु रहेका छन्। जसले कूल वनक्षेत्रको १९.४% क्षेत्रफल मात्रै ओगटेको छ भने बाँकी क्षेत्रफल राष्ट्रिय बन र अपिनाम्पा संरक्षण क्षेत्रले ओगटेको छ।

यस गाउँपालिकामा रहेका २४ वटै सामुदायिक बनहरु समुदायले नै संरक्षण र ब्यबस्थापन गरिरहेका छन्। यि बनहरु सामुदायिक बनको आफ्नै बिधान अनुसार संचालन भएका छन्। सामुदायिक वनले कूल बनक्षेत्र मध्ये २४२४ हेक्टर क्षेत्रफल ओगटेका छन् भने उक्त सामुदायिक बनमा जम्मा २५८६ घरपरिवारहरु आबद्ध रहेका छन्। जुन गाउँपालिकाको कूल घरधुरीको ९२% हुन आउँछ। वडा अनुसार सामुदायिक वनहरुको संख्या, आबद्ध घरधुरी र क्षेत्रफलको विवरण तालिका-६० मा प्रस्तुत गरिएको छ भने सामुदायिक वनहरुको बिस्तृत विवरण अनुसूची-५ मा उल्लेख गरिएको छ।

**तालिका- ६०:वडा अनुसार सामुदायिक वनसंख्या, घरधुरी र क्षेत्रफल**

| वडा नं | सा.व. संख्या | आबद्ध घरधुरी संख्या | क्षेत्रफल (हे.) | कैफियत |
|---|---|---|---|---|
| १ | ११ | १०५४ | १३५३.३५ | |
| २ | २ | ४२२ | १३१.५ | |
| ३ | ९ | ६३३ | ७३६.३ | |
| ४ र ५ | १ | ४२३ | १७१.८९ | |
| ६ | १ | ५४ | ३०.४७ | |
| जम्माः | २४ | २५८६ | २४२४ | |

*श्रोतः घरधुरी सर्वेक्षण, २०७९*

### ६.१.२. वन ब्यबस्थापन सम्बन्धि विवरण

यस मार्मा गाउँपालिकामा २४ वटा सामुदायिक बनहरुको मात्र बिस्तृत विवरण प्राप्त भएको छ। यहाँ सरकारी बनहरु रहेका छैनन् भने अपि नाम्पा संरक्षित क्षेत्रले धेरैजसो वन क्षेत्र यस गाउँपालिकाको पनि ओगटेको छ। सामुदायिक वनहरुको संरक्षण, ब्यबस्थापन र उपभोगको सम्पुर्ण जिम्मेवारी स्थानीय सामुदायिक बनका उपभोक्ता घरधुरीहरुलाई नै हस्तान्तरण गरिएको छ। सबै सामुदायिक वनहरुमा सक्रिय उपभोक्ता समिति रहेका छन् र उपभोक्ता समितिहरुले ५ बर्षे कार्ययोजना तयार गरि वन संरक्षण, ब्यबस्थापन र उपभोग गरिरहेका छन्।

### ६.१.३. जडिबुटी उत्पादन, संकलन तथा निकासी सम्बन्धि विवरण

यस मार्मा गाउँपालिकाको वनक्षेत्रमा तितेपाती, हत्ताजडी, सतुवा, कटुकी, तेजपत्ता, बलैचन जस्ता औषधिजन्य जडिबुटीहरु पाइने भएतापनि त्यसको उचित संरक्षण, संकलन ब्यबस्थापन रामरी हुन सकिरहेको छैन। मानिसहरुले व्यक्तिगत रुपमा संकलन गरि स्थानीय ब्यापारीहरुलाई बेच्ने हुँदा गाउँपालिकाले ति जडिबुटीहरुबाट ब्यबस्थित तरिकाले आन्तरिक आय संकलन गर्न सकेको छैन। यस क्षेत्रमा पाइने जडिबुटीहरु मुख्यगरी गोकुलेश्वर बजार र दार्चुला जिल्लाको सदरमुकाम खलंगामा निकासी हुने र त्यताका जडिबुटी संकलकहरुले भारत वा नेपालका धनगढी/नेपालगंज निकासी गर्ने गरेको पाइएको छ।

## ६.२. जलश्रोत तथा जलाधार क्षेत्र

### ६.२.१. प्रमुख जालाधर र उप-जलाधार क्षेत्रहरुको विवरण

यस मार्मा गाउँपालिका जलश्रोतको उपलब्धताको आधारमा एकदमै धनि गाउँपालिकाको रुपमा रहेको छ। यस गाउँपालिका भएर बग्ने चौलानी नदि (चमेलिया नदि) यहाँको मुख्य जलश्रोतको रुपमा रहेको छ भने उप-जलाधार क्षेत्रको रुपमा न्वागाड खोला, घट्टेगाड खोला, मेलेगाड खोला, काचुलीगाड खोला, दोगाड़ा खोला, गंगडा खोला आदि लगायत करिब ३४ वटा स-साना खोला रहेका छन्। यसका अतिरिक्त यस गाउँपालिकामा करिब २८८ वटा पानीका मुहानहरु पनि रहेकाछन्[घ]।

### ६.२.२. जलश्रोत र उपयोगको स्थिति विवरण

यस मार्मा गाउँपालिकामा अवस्थित जलश्रोतहरुको सम्भाव्यता अनुसार उपयोग हुन सकेको स्थिति छैन। चमेलिया नदीबाट ३० मेगावाटको चमेलिया जलबिद्युत आयोजना (ने.बि.प्रा.), ४० मेगावाटको अपर चमेलिया (निजिक्षेत्र) संचालन चरणमा रहेका छन् भने २० मेगावाटको मध्य चमेलिया जलविद्युत

[3] मार्मा गाउँपालिकाको जलउपयोग गुरुयोजना, २०७६ बाट साभार गरिएको

आयोजना निर्माण तयारीको चरणमा रहेको छ। लघु जल बिद्युत आयोजनाहरुमा ९ वटा लघु जलबिद्युत आयोजनाहरु संचालनमा रहेका छन्।

समुदायस्तरमा उपभोक्ता समितिबाट संचालित खानेपानी योजना र सिँचाईका लागि भने स-साना खोला र मुहानहरुको उपयोग गरिएको छ।हाल गाउँपालिकामा विद्यमान ७२ वटा खानेपानी योजनाहरु र ५१ वटा कुलो सिचाई योजनाहरु लगायत पानी घट्ट संचालन गरि पानीको उपयोग गरेका छन्।त्यस्तै यि विद्यमान जलश्रोतहरुलाई आयआर्जनका क्रियाकलापहरु जस्तैः माछापालन र अन्य जलउर्जाका क्रियाकलापहरु संग जोड्न सकेको खण्डमा यस गाउँपालिकाका बासिन्दाहरुको जीवनस्तरमा सुधार गर्न सकिने सम्भावना रहेको देखिन्छ।

## ६.३. जैविक विविधता र वाताबरण संरक्षण

### ६.३.१. वासस्थानका आधारमा महत्वपूर्ण जनावर तथा चराचुरुंगीको विवरण

यस गाउँपालिकामा बनजंगल क्षेत्र बढी भएको हुँदा जैविक विविधता पनि फरक फरक रहेको छ।मुख्यगरी यहाँको जंगलमा बाघ, भालु, नाउर, झारल, रतुवा, घोरल जस्ता जनावरहरु र चिल, कालिज, डाँफे जस्ता चराचुरुंगीहरुको बासस्थान रहेको पाइन्छ।त्यसैगरि रुख बिरुवाहरुमा सल्ला, बाँझ, चिराइतो, लोक्ता, लाली गुराँश आदि रहेका छन्।यस क्षेत्रको जैविक विविधता संरक्षणका लागि यस गाउँपालिका लगायत नौगाड, ब्याँस र अपिहिमाल गाउँपालिका सहित समेटिने गरि अपिनाम्पा संरक्षित क्षेत्रको स्थापना २०६७ साल असाढ २८ गते भएको थियो।

## ६.५. विपद जोखिम ब्यवस्थापन

### ६.५.१. प्राकृतिक प्रकोप र प्रभावित परिवारहरुको संख्यात्मक विवरण

यस गाउँपालिकामा नदिको कटान, बन जंगलमा हुने आगलागी, बर्षातको समयमा आउने भल/बाढी, पहिरो, चट्याङ आदि मूख्य प्रकोपको रुपमा रहेका छन्।पाखो भिरालो भू-बनावट र कम्जोर जमिन भएको कारणले बर्षेनी पहिरोमा परि धनजनको क्षति हुने गरेको देखिन्छ।

अघिल्लो आर्थिक बर्षको तथ्यांक हेर्दा यस गाउँपालिकाका २०० घरधुरीहरु प्राकृतिक प्रकोपका विभिन्न घटनाहरुबाट प्रभावित भएको पाइएको छ।प्राकृतिक प्रकोपबाट प्रभावित घरधुरी संख्या हेर्दा यस गाउँपालिकामा सबैभन्दा बढी पहिरोबाट भएको देखिन्छ।कूल प्रभावित २१८ घरधुरीहरु मध्ये करिब ११६(५३.२%) घरधुरीहरु पहिरोबाट, ४२(१९.३%) घरधुरीहरु हावाहुरीबाट, २६(१३%) घरधुरीहरु नदी कटानबाट, १२ (६%) घरधुरीहरू चट्याङबाट र ४(२%) घरधुरीहरु बाढीबाट प्रभावित भएका

छन्। वडा अनुसार विभिन्न प्राकृतिक प्रकोपका घटनाबाट प्रभावित घरपरिवारहरुको विवरण तालिका-६१ मा प्रस्तुत गरिएको छ।

**तालिका- ६१:प्राकृतिक प्रकोपका घटना र प्रभावित परिवार संख्या**

| वडा नं | प्रकोपका घटना र प्रभावित घरधुरी संख्या | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | बाढी | पहिरो | हावाहुरी | नदि कटान | चट्याङ | अन्य | |
| १ | २ | ७ | ७ | ० | १ | ० | १७ |
| २ | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | १ | ५२ | २ | १ | २ | ० | ५८ |
| ४ | ० | ३ | ० | ० | ० | ० | ३ |
| ५ | ० | ० | १ | ० | ० | ० | १ |
| ६ | १ | ५४ | ३२ | २५ | ९ | १८ | १३९ |
| जम्माः | ४ | ११६ | ४२ | २६ | १२ | १८ | २१८ |
| % | १.८% | ५३.२% | १९.३% | ११.९% | ५.५% | ८.३% | १००% |

*श्रोतः घरधुरी सर्वेक्षण, २०७९*

## ६.५.२. विपद/प्रकोपबाट भएको मानबिय र भौतिक क्षतिको विवरण

यस मार्मा गाउँपालिकामा विभिन्न खालका प्रकोपहरुले मानबिय क्षति धेरै भएको नदेखिए पनि घर, बिद्यालय, पशुचौपाया तथा बालीनाली क्षति भएको छ। मुख्यगरी पहिरो, चट्याङ, हावाहुरी, कृषिबालीमा रोगकिरा, तथा पशुचौपाया र मानिसहरुमा महामारी जस्ता प्रकोपहरुले मानबिय भौतिक क्षति विभिन्न समयमा गरेको छ। त्यसको समग्र विवरण तलको तालिका-६२ मा उल्लेख गरिएको छ।

**तालिका- ६२: प्रकोपबाट भएको क्षतिको विवरण**

| प्रकोपको प्रकार/विवरण | पटक | प्रभावित वडा र बस्तीको नाम | क्षतिको विवरण | प्रभावित घरधुरी | कैफियत |
|---|---|---|---|---|---|
| **पहिरो** | १ | वडा-४, धारिगाड | घरजग्गा पुरिएको/ बग्गएको | २२ | बस्ती अन्यत्र सरेको |
| **चट्याङ** | १ | वडा-५, गोल्फा, जन्निगाउँ | गाई र बाखा मरेको | ३ | ३ गाई र १५८ बाखा मरेको |
| **हावाहुरी** | १ | वडा-४ र ५ | बिद्यालय भवन उडाएको | ३ वटा बिद्यालय | छाना उडाएको |
| **कृषिबालीमा रोगकिरा** | १ | वडा-५, शेरी | किराले धान मकै सखाप पारेको | ४० | बालीनाली खाएको |
| **आगलागी** | १ | वडा-४, मटखोला | घर जलेको | ३ | |
| **महामारी** | १ | वडा-३, | मानिसको मृत्यु र जनजीवन अस्तव्यस्त | १ | १ जनाको कोभिड-१९ ले मृत्यु भएको |

### ६.५.३. विपदको किसिम अनुसार जोखिमको समय

यस मार्मा गाउँपालिकामा बाढी, पहिरो, हावाहुरी, नदि कटान, चट्याङ, आगलागी, कृषिबालीमा रोगकिरा तथा महामारीहरु मूख्य प्रकोपको रुपमा देखिएका छन्। यसका साथै विभिन्न अध्ययन तथा अनुसन्धानहरुले नेपालको सुदुरपश्चिम प्रदेशको बझांग, बैतडी, दार्चुला लगायत कर्णाली प्रदेशमा ठूलो भूकम्पको सम्भावना रहेको भन्ने देखिएको छ। भूकम्प जस्ता प्रकोपहरुको घटना घट्ने समयको यकिन गर्न गाह्रो भएता पनि अन्य प्रकोपहरु आउने समय निश्चित सिजन वा अवधि हुने भएकोले समयमै सुरक्षाका उपायहरु अवलम्बन गरि सम्भावित मानबिय तथा भौतिक क्षति कम गर्न सकिन्छ। यस मार्मा गाउँपालिकामा घट्ने प्राकृतिक विपदका घटनाहरुको किसिम अनुसार जोखिमको समय निम्न अनुसार तालिका-६३ मा उल्लेख गरिएको छ।

**तालिका- ६३:प्राकृतिक प्रकोप/विपदका घटना र जोखिमको समय**

| सम्भावित प्रकोप | सम्भावित विपदको समय (मजिनामा) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बैशाख | जेष्ठ | असाढ | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसीर | पौष | माघ | फाल्गुण | चैत्र |
| पहिरो | | | पहेंलो | रातो | रातो | पहेंलो | | | | | | |
| हावाहुरी | रातो | रातो | | | पहेंलो | पहेंलो | | | | | रातो | रातो |
| चट्याङ | रातो | रातो | पहेंलो | पहेंलो | पहेंलो | पहेंलो | पहेंलो | पहेंलो | पहेंलो | रातो | रातो | रातो |
| बाढी | | | पहेंलो | रातो | रातो | पहेंलो | | | | | | |
| नदी कटान | | | पहेंलो | रातो | रातो | पहेंलो | | | | | | |
| आगलागी | रातो | रातो | पहेंलो | पहेंलो | पहेंलो | पहेंलो | पहेंलो | पहेंलो | पहेंलो | रातो | रातो | रातो |
| कृषिबालीमा रोगकिरा | रातो | रातो | पहेंलो | पहेंलो | पहेंलो | पहेंलो | पहेंलो | पहेंलो | पहेंलो | पहेंलो | रातो | रातो |
| महामारी | रातो | रातो | रातो | रातो | रातो | पहेंलो | पहेंलो | पहेंलो | पहेंलो | पहेंलो | पहेंलो | पहेंलो |

| **संकेत रंग:** | |
|---|---|
| रातो-बढी सम्भावना | रातो |
| पहेंलो-मध्यम/कम | पहेंलो |

*श्रोतः संस्थागत सर्वेक्षण, २०७९*

### ६.५.४. विपदबाट क्षतिग्रस्त सार्बजनिक संरचना तथा पूर्वाधार विवरण

यस मार्मा गाउँपालिकामा पनि प्रकोपले गर्दा बर्षेनी सार्बजनिक संरचनाहरु क्षतिग्रस्त हुने गरेका छन्। आर्थिक बर्ष २०७८/०७९ को हालसम्मको तथ्यांक अनुसार बर्षातको समयमा पहिरो तथा भलले गर्दा सडक अवरुद्ध भएको र वडा नं ४ र ५ मा हावाहुरीले गर्दा ३ वटा बिद्यालय भवनहरुको छानो उडाएको थियो।

### ६.५.५. विपद ब्यबस्थापनको पूर्व तयारी

यस मार्मा गाउँपालिकामा विपद ब्यबस्थापनको पूर्व तयारीको लागि विभिन्न कार्यहरु भइरहेका छन्। आर्थिक बर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम मार्फत गाउँपालिकामा बनि सकेका घरहरुको

अभिलेखीकरण गर्ने र नयाँ भवन निर्माण गर्दा अनिवार्य रुपमा नक्शा पास गराएर मात्र घर निर्माण गर्नुपर्ने नीति लिएको छ। त्यसै मेलगाड खोला, चमेलिया नदि, न्वागाड खोला, घट्टेगाड खोला, बिन्थीखोला, काचुली खोला, दोगाडा खोला, रिल  पहिरो लगायत बाढी पहिरोले भएको कटान नियन्त्रण गर्न तटबन्ध निर्माण गर्ने, पहिरो गएको र जानसक्ने सम्भावित ठाउँहरुमा वृक्षारोपण गर्ने, फोहोरमैला ब्यबस्थापनका लागि डम्पिंग साइट निर्माणका लागि तयारी, गाउँपालिकामा प्रकोप ब्यबस्थापन कोषको स्थापना तथा प्रकोप जोखिम न्यूनीकरण तथा प्रतिकार्य योजना निर्माण गर्ने जस्ता कार्य मार्फत विपद ब्यबस्थापनको पूर्व तयारीका कार्यहरु भइरहेका छन् साथै विपद सामाग्रीको पनि केहि व्यवस्थापन गरि ई.प्र.का. लटिनाथलाई हस्तान्तरण गरिएको छ |

### ६.५.६. आपतकालिन यातायातका साधन सम्बन्धि विवरण

मार्मा गाउँपालिकामा हाल यातायातको सहज पहुँच भएतापनि सबै वडासम्मको पहुँच भने त्यति सजिलो छैन। गाउँपालिका सदरमुकाम र आसपासका गाउँ/बस्तीहरुमा भने यातायातको सुबिधा भएको हुँदा आपतकालिन अवस्थाका लागि १ वटा एम्बुलेन्स सेवाको पनि उपलब्धता रहेको छ। तर यातायातको पहुँच नभएका वडाहरु र दुरदराजका गाउँबस्तीहरुमा भने स्वास्थ्य संस्था वा सुरक्षित स्थानसम्म लैजानका लागि यातायातको साधन भनेको स्ट्रेचर मात्रै रहेको छ।

### ६.५.७. खुला सुरक्षित क्षेत्र सम्बन्धि विवरण

प्रकोपका घटनाहरु घट्दा जस्तै; भूकम्प, बाढी पहिरोका समयमा थप मानवीय र भौतिक क्षति हुन नदिन सुरक्षित स्थानहरुमा राख्नको लागि त्यस्ता सुरक्षित स्थानहरुको पहिचान हुन आवश्यक रहेको छ। यस गाउँपालिकामा जनघनत्व बढी नरहेको भएपनि भिरालो भू-भाग भएकोले गर्दा भूकम्प र बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपका घटनाहरु घट्दा मानिसहरु बस्ने ठाउँ सुरक्षित भएन भने झनबढी मानवीय क्षति हुनसक्ने हुन्छ। त्यसकारण वडागत रुपमा तलको तालिका-६४ मा उल्लेख गरिएका स्थानहरुलाई सुरक्षित स्थानको रुपमा पहिचान गरिएको छ।

**तालिका- ६४: वडा अनुसार सुरक्षित स्थानहरु**

| वडा नं | सुरक्षित स्थानहरु |
|---|---|
| १ | जुंड़े, घोल्जर,ताकु,दह,तोलिमांडू, लोय कोल्लार |
| २ | थला क्षेत्र, लामबगर, सीमार,सेल्बिसा, मटेला |
| ३ | रील, बजानी, शारसी, नल्बगर, च्युरानी |
| ४ | तपोवन. बिम्थी, मर्मीति, थाम, वारि बार्कु, बब्बन, घोडेधार, बज्कोट, पडपडा |
| ५ | मुर्रे, जन्नी गाउँ, गोल्फा, सितोला |
| ६ | शेरी, निम्ठा, |

*श्रोतः संस्थागत सर्वेक्षण, २०७९*

# परिच्छेद-७: भौतिक पूर्वाधार विकासको अवस्था

## ७.१. यातायात पूर्वाधार

### ७.१.१. सडक संजालको विद्यमान अवस्था

यस मार्मा गाउँपालिका सडक संजाल संग जोडिएको भएतापनि कालोपत्रे सडकले यस गाउँपालिकालाई छोएको छैन। आ.व. २०७७/०७८ सम्मको सडक संजालको अवस्था हेर्दा ग्राबेल धुले सडक ३९ कि.मि. निर्माण भएको छ भने आ.व.२०७८/०७९ मा थप ३ किलोमिटर कच्ची सडक निर्माण सम्पन्न भई कूल ४२ कि.मि.सडक हालसम्म निर्माण भएको छ। हाल गाउँपालिकाको पहलमा केहि वडा सम्म कच्ची सडक निर्माण भइ आवतजावतमा सहजता भएको पाईएता पनि गाउँपालिकाका दुर्गम वडा तथा भौगोलिक रुपमा कठिन अवस्था रहेका स्थानहरुसम्म यातायातको पहुँच पुरयाउन गाह्रो छ। गाउँपालिकाको सडक पूर्वाधार निर्माणको सारांश विवरण तालिका-६५ मा उल्लेख गरिएको छ।

**तालिका- ६५: गाउँपालिकामा सडक यातायातको पहुँचको अवस्था (कि.मि.)**

| क्र.सं. | आर्थिक बर्ष | सडकको लम्बाई (कि.मि. मा) | | | | झोलुंगे पुल (वटा) |
|---|---|---|---|---|---|---|
| | | धुले कच्ची | ग्राभेल | कालो पत्रे | जम्मा | |
| १ | २०७७/०७८ अषाढ मसान्त सम्म | ३९ | - | - | ३९ | २ |
| २ | आ.व. २०७८/०७९ मा निर्माण सम्पन्न भएका (थप भएका) | ३ | - | - | ३ | १८ |
| | **कुल जम्मा** | ४२ | | | ४२ | २० |

*श्रोतः संस्थागत सर्वेक्षण, २०७९*

### ७.१.२. निर्माणाधीन गाउँस्तरीय (ग्रामीण) सडकहरु

यस मार्मा गाउँपालिकामा गाउँपालिकाको सदरमुकाम देखि वडा र वडा देखि बस्तीहरुसम्म सहज यातायातको पहुँचका लागि विभिन्न स्थानहरुमा ग्रामीण सडकहरुको निर्माण भईरहेको छ। हाल निर्माणाधीन अवस्थामा रहेका सडकहरुको विवरण तालिका-६६ मा उल्लेख गरिएको छ।

**तालिका- ६६: निर्माणाधीन ग्रामीण सडकहरुको विवरण**

| निर्माणाधीन सडकको नाम | वडा नं | देखि — सम्म | सडकको लम्बाई (कि.मि) लगभग |
|---|---|---|---|
| लटिनाथ शारसी बजानी सडक | ३ | लटिनाथ देखि बजानी सम्म | १२ कि.मि. |
| पारिबागड घोल्जर सडक | १ | लटिनाथ पारिबगर देखि घोल्जर सम्म | २३ कि.मि. |
| लटिनाथ सिप्टी सडक | ४,५,६, | तपोवन देखि सिप्टी नौगाड सम्म । | २८ कि.मि. |

| | | | |
|---|---|---|---|

*श्रोतः संस्थागत सर्वेक्षण, २०७९*

### ७.१.३. सवारी सुबिधा र रुट

मार्मा गाउँपालिका सम्म पहुँचका लागि बससेवा संचालनका लागि सेल्बिसा बजार सम्म चलान अनुमति प्राप्त भइ सकेको छ। हाल सहज यातायातको लागि उपलब्ध सवारी साधन बस तथा जिपहरु मात्रै रहेका छन्। निजि सवारि साधनको रुपमा मोटर साइकल पनि रहेका छन्। गाउँपालिकाको सदरमुकाम बाट सवारीसाधन चल्ने मूख्य रुटहरुमा धनगढी, महेन्द्रनगर र दार्चुलाको खलंगासम्म रहेको छ।

### ७.१.४. गाउँपालिका क्षेत्रभित्र चल्ने सवारी साधन

यस गाउँपालिका क्षेत्र भित्र सबै वडा र बस्तिहरुमा सवारीसाधन चल्ने सडकमार्ग निर्माण भईनसकेको हुँदा केहि निश्चित स्थानहरु जस्तै; बिटुले देखि लटिनाथ हुँदै पारिबगड सम्म, लटिनाथ बाट सार्सी बजानी सम्म र पारिबगड बाट ताकु सम्म जीपहरु चल्ने गरेका छन्। जिपहरु मुख्यगरि मानिसहरु र सामानहरु ढुवानी र ट्र्याक्टरहरु मालसमान ढुवानीका लागि चल्ने गरेका छन्।

### ७.१.५. झोलुंगे पुल तथा पुलपुलेसाहरुको विवरण

